# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २०८ | काठमाडौं | शुक्रबार, १२ मंसिर २०८२ | Prabhab National Daily | Friday, 28 November 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


# निर्वाचन सुरक्षामा प्रहरीको भूमिका खुम्च्याइँदै

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले प्रधानमन्त्रीको सिफारिस तथा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२-०८/०८ गतेको निर्णयमा उल्लेख भए बमोजिम हुनेगरी सम्वत् २०८२ साल फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्न सुरक्षा व्यवस्थाका लागि नेपाली सेना परिचालन गेर्न स्वीकृति प्रदान गर्नु भएको छ

**प्रदीप कोइराला**
प्रवक्ता, राष्ट्रपति कार्यालय

निर्वाचन सुरक्षामा प्रहरीको ठाउँ सेनाले लिन सक्दैन । सशस्त्र प्रहरीले पनि लिन सक्दैन । त्यसो हुनाले अहिले जसरी निर्वाचनकेन्द्रित सुरक्षामा प्रहरीको भूमिकालाई मिनिमाइज गर्न खोजिँदैछ, त्यो ठूलो भुल हुने छ

**हेमन्त मल्ल**
पूर्वडीआईजी, नेपाल प्रहरी


फाइल तस्बिर: रासस

■ **जेबी योञ्जन**

**काठमाडौं–** सरकारले प्रतिनिधिसभा निर्वाचनमा नेपाल प्रहरीको भूमिकालाई खुम्च्याएको छ । नेपाली सेनाको भूमिकालाई भने बढाइदिएको छ, जसअनुसार निर्वाचनकेन्द्रित सुरक्षाका लागि नेपाली सेना तीन महिनाअघि नै परिचालन हुने भएका छन् । त्यसका लागि राष्ट्रपति रामचन्द्र पौडेलले बिहीबार स्वीकृति दिएका छन् ।

राष्ट्रपति कार्यालयका प्रवक्ता प्रदीप कोइरालाले विज्ञप्ति जारी गर्दै भनेका छन्, 'सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले प्रधानमन्त्रीको सिफारिस तथा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२-०८/०८ गतेको निर्णयमा उल्लेख भए बमोजिम हुनेगरी सम्वत् २०८२ साल फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्न सुरक्षा व्यवस्थाका लागि नेपाली सेना परिचालन गेर्न स्वीकृति प्रदान गर्नु भएको छ ।'

राष्ट्रपतिको स्वीकृतिसँगै नेपाली सेनाले निर्वाचन सुरक्षाकेन्द्रित पेट्रोलिङ गर्नेछन् । विगतमा सेनालाई निर्वाचनको एक महिनाअघि मात्रै परिचालन गरिन्थ्यो, यसपटक भने तीन महिनाअघि नै खटाइएको हो ।

जबकि, निर्वाचन सुरक्षाको मूल दायित्व नेपाल प्रहरीको हो । अघिल्ला निर्वाचनहरूमा प्रहरीलाई निर्वाचनकेन्द्रित सुरक्षाको अग्रमोर्चामा खटाइन्थ्यो । यसपटक त्यस्तो गरिएन । अर्थात्, प्रहरीविरुद्ध हिंसाप्रेरित अभिव्यक्ति दिएकी प्रधानमन्त्री सुशीला कार्कीले सेनालाई अघि सारिन् । यसलाई कतिपयले प्रहरीमाथि उनको अविश्वासको प्रकटीकरणको रूपमा अर्थ्याएका छन् ।

- निर्वाचन केन्द्रित सुरक्षामा नेपाली सेना परिचालन गर्न स्वीकृति
- विगतमा एक महिनाअघि परिचालन हुने सेना यसपटक त तीन महिनाअघि नै पेट्रोलिङमा
- सेनाको बढाइएको भूमिकाले प्रहरीलाई थप कमजोर पार्ने भन्दै चिन्ता प्रकट

तर, पूर्वप्रहरी नायव महानिरीक्षक (डीआईजी) हेमन्त मल्ल निर्वाचनमा प्रहरीको भूमिका घटाउनु ठूलो भुल हुने बताउँछन् । 'निर्वाचन सुरक्षामा प्रहरीको ठाउँ सेनाले लिन सक्दैन । सशस्त्र प्रहरीले पनि लिन सक्दैन,' उनले प्रभावसँग भने, 'त्यसो हुनाले अहिले जसरी निर्वाचनकेन्द्रित सुरक्षामा प्रहरीको भूमिकालाई मिनिमाइज गर्न खोजिँदैछ, त्यो ठूलो भुल हुने छ ।'

चुनावी सुरक्षाको परम्परालाई हेर्दा मतदानस्थलको पहिलो घेरामा नेपाल प्रहरीलाई खटाइने गरिन्छ । बीचमा सशस्त्र प्रहरी र बाहिरी घेरामा नेपाली सेना परिचालन गरिन्छ । चुनावी सुरक्षा योजनाअनुसार प्रहरीले सामान्य, संवेदनशील र अति संवेदनशील मतदान केन्द्रको पहिचान पनि गर्छन् । सोहीअनुसार प्रहरी जनशक्ति परिचालित हुन्छन् । दलहरू वा स्वतन्त्र उम्मेदवारहरूलाई निर्वाध चुनावी प्रचारप्रसार गर्न दिनेगरी सुरक्षा प्रबन्ध मिलाउने पनि प्रहरी नै हुन् । मतपेटिका सुरक्षित ढंगले मतगणनास्थल पुर्‍याउने दायित्व पनि प्रहरीकै हो । चुनावमा यति महत्वपूर्ण जिम्मेवारी रहने प्रहरीको भूमिका कमजोर गर्नेगरी यसपटक जेन-जी समर्थित कार्की सरकारले सेनालाई अघि सारेको हो । यसप्रति असन्तुष्ट हुँदै पूर्वडीआईजी मल्ल थप्छन्, 'अहिलेको अवस्था सामान्य हो ।

क्रमशः पृष्ठ २ मा

# प्रधानमन्त्री बन्ने देउवाको दाउ !

- कांग्रेस बैठक रहस्यमयी ढंगले सरेको सरेकै
- स्रोतको दाबीमा भावी प्रधानमन्त्री देउवा र सभापति गगन बन्नेगरी समझदारी बनाउन बैठक सारिएको सारिएकै

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** नेपाली कांग्रेसको केन्द्रीय समिति बैठक सरेकोसरेकै छ । आज बिहानका लागि तय बैठक पनि आइतबार दिउँसो २ बजे बस्नेगरी सरेको छ । यसरी पटकपटक बैठक सार्नुलाई रहस्यमयी रूपमा हेरिएको छ ।

नियमित कि विशेष महाधिवेशन गर्ने विषय पेचिलो बन्दा बैठक सारेकोसारेकै गर्नुलाई एकथरीले पार्टी र राजकीय सत्ताको सम्भावित नेतृत्वसँग जोडेर विश्लेषण गर्न थालेका छन् । स्रोतका अनुसार सभापति शेरबहादुर देउवा चाहन्छन्- प्रतिनिधिसभा पुनर्स्थापित भए प्रधानमन्त्री बन्न अघि सर्ने र महाधिवेशनबाट गगनलाई सभापति बनाउने । यी दुई विषयमा पहिले सझदारी जुट्ने वातावरण बनाउन देउवा अग्रसर छन् । समझदारी बनेमात्रै उनी बैठक चल्न दिने मनस्थितिमा छन् ।

बिहीबार झन्डै दिनभरजसो देउवाले आफ्नो भाडाको निवास चुनदेवीमा कार्यवाहक सभापति पूर्णबहादुर खड्का, महामन्त्रीद्वय गगन र विश्वप्रकाश शर्मासँग पटकपटक छलफल गरेका थिए । छलफलमबाट कुनै निष्कर्ष भने निस्केन । यद्यपि, उनीमाथि जेन-जी विद्रोहपछि पार्टी राजनीतिबाट मात्रै होइन सत्ता राजनीतिबाट पनि अलग हुन दबाव छ । विशेष महाधिवेशनमा पार्टीलाई लान महामन्त्रीहरू थापा र शर्मालगायत नेताहरूले जोडबल गरिरहेका छन् । यस्तो अवस्थामा देउवाले प्रतिनिधिसभा पुनर्स्थापित भए आफू प्रधानमन्त्री र गगनलाई सभापति बनाउनेगरी महाधिवेशन गर्ने योजना बनाएको बुझिएको छ ।

> केपी शर्मा ओलीले दोस्रोपटक ८ जेठ २०७८ मा गरेको प्रतिनिधिसभा विघटन बदर हुँदा सोही वर्षको २८ असारमा सर्वोच्चको परमादेशको आधारमा देउवा प्रधानमन्त्री नियुक्त भएका थिए । यसपटक पनि देउवा त्यस्तै अवसरको पर्खाइमा

प्रतिनिधिसभा गत २७ भदौमा विघटन भएको हो । प्रधानमन्त्री सुशीला कार्कीले त्यसबेला हुँदै नभएको संविधानको धारा प्रयोग गरेर विघटन सिफारिस गरेको भन्दै नेकपा एमाले र स्वतन्त्र कानुनविद्हरूले सर्वोच्च अदालतमा दायर रिट दायर गरेका छन् । ती रिटहरू विचाराधीन अवस्थामा छन् ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

## वैदेशिक रोजगारीमा ३४ थरी रोगको परीक्षण

# सरकारले शुल्क बढाएको एक हप्तापछि व्यवसायीको विरोध

वैदेशिक रोजगारीको लागि पाँच हजारमा जुनसुकै स्वास्थ्य संस्थाले पनि परीक्षण गरिदिन्छ । अहिले नौ हजारमा होल बडी चेकअप हुन्छ । नौ हजार पाँच सय पुर्‍याएर कुन मापदण्डको जाँच गर्न खोजेको हो ?

**भुवनसिंह गुरुङ**
अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

मेनपावरले ५० हजार तिरेर ल्याएको डिमान्डमा पाँच लाखसम्म उठाउँदा चाहिँ कहाँसम्म उचित अनि यो कसरी अनुचित ?

**कृष्णप्रसाद बजगाईं**
महासचिव, नेपाल मेडिकल व्यवसायी महासंघ




■ **ममता थापा**

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगारीमा जाँदा गरिने स्वास्थ्य परीक्षणको शुल्क वृद्धि तत्काल खारेज गर्न माग गरेको छ । बिहीबार संघले एक वक्तव्य जारी गर्दै स्वास्थ्य परीक्षणको शुल्क वृद्धि आपत्तिजनक कदम भएको उल्लेख गर्दै खारेज गर्न माग गरेको हो ।

यसले श्रमिकमाथि आर्थिक भार पर्ने भन्दै यो प्रावधान स्वीकार्य नहुने संघले जनाएको छ । 'श्रमिकको काँधमा अनावश्यक आर्थिक बोझ थोपर्ने, वैदेशिक रोजगारीका प्रमुख सर्जक तथा मध्यस्थकर्ता हामीलाई बेवास्ता गर्ने कार्यप्रति नेपाल वैदेशिक रोजगार व्यवसायी सङ्घ घोर आपत्ति प्रकट गर्दछ,' संघका महासचिव महेश बस्नेतद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'मेडिकल परीक्षण शुल्कमा गरिएको वृद्धि तत्काल फिर्ता गरियोस्, गन्तव्य मुलुकमा आवश्यक नपर्ने परीक्षण तुरुन्तै हटाइयोस् ।'

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले दुई सय वटा संस्थामा मापदण्ड पुगे/नपुगेको अनुगमन गरेर यही मंसिर ४ गते सूची सार्वजनिक गरेको थियो । सूचीकरणमा परेका १७१ वटा संस्थाहरूले बुधवारबाट नयाँ मापदण्ड बमोजिम परीक्षण थालेका छन् । जसअनुसार कामदारले ३४ थरी स्वास्थ्य परीक्षण गर्नुपर्ने र त्यसवापत नौ हजार पाँच सय तिर्नुपर्ने भनिएको छ ।

सबै स्वास्थ्य संस्थाको अनुगमन नभएको र शुल्क वृद्धिको विषय श्रमिकको हित विपरित भएको संघका अध्यक्ष भुवनसिंह गुरुङले बताए । 'एक जना कामदारको भिसा नआएको खण्डमा दुई पटक मेडिकल गर्नुपर्दा उसको खान, बस्नको खर्चसमेत गरेर ५० हजार रूपैयाँसम्म जानसक्ने अवस्था छ,' गुरुङले भने, 'वैदेशिक रोजगारीको लागि पाँच हजारमा जुनसुकै स्वास्थ्य संस्थाले पनि परीक्षण गरिदिन्छ ।

क्रमशः पृष्ठ २ मा


## प्रेस विज्ञप्ति

वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिक नेपाल वैदेशिक रोजगार व्यवसायी संघका सदस्य संस्थामार्फत नै जाने वा पठाइने हुँदा ती नेपाली श्रमिकका विषय प्रत्यक्ष रूपमा हामी व्यवसायीसँग जोडिएको विषय हो । नेपाली श्रमिकको हकहित, सम्मान र सुरक्षा सम्बन्धमा हामी सदैव जिम्मेवार र जवाफदेही रहँदै आएका छौं । यसर्थ यो क्षेत्रको नीतिगत निर्णयमा हाम्रो सहमति वा समन्वय अपरिहार्य रहन्छ । बिना छलफल एकतर्फी रूपमा भए गरेका निर्णय वैदेशिक रोजगारका प्रमुख सर्जक हामी व्यवसायी र श्रमिकको हितमा नभए हामीलाई स्वीकार्य हुँदैन ।

**वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षणको लागि गरिएको स्वास्थ्य संस्थाको सुचीकृत प्रक्रिया शंकास्पद देखिएको र स्वास्थ्य परीक्षण शुल्क रू. ९,५०० तोकिएको विषय हामी व्यवसायी र नेपाली श्रमिकको लागि गम्भीर र अकल्पनीय कदम रहेको संघको ठहर रहेको छ । श्रमिकको काँधमा अनावश्यक आर्थिक बोझ थोपर्ने, वैदेशिक रोजगारीका प्रमुख सर्जक तथा मध्यस्थकर्ता हामीलाई बेवास्ता गर्ने कार्यप्रति नेपाल वैदेशिक रोजगार व्यवसायी संघ घोर आपत्ति प्रकट गर्दछ ।** वर्तमान अवस्थामा मन्त्रीविहीन श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्माननीय प्रधानमन्त्रीको मातहतमा रहेकै बेला अवैज्ञानिक तरिकाले गरिब नेपाली कामदारमाथि आर्थिक बोझ बढाउने नीतिगत निर्णय कार्यान्वयनमा लान खोज्नु सुशासन, पारदर्शिता र उत्तरदायित्व विरूद्धको प्रत्यक्ष आक्रमण हो ।

वैदेशिक रोजगारीमा जाने कामदारमाथि अनावश्यक शीर्षकमा परीक्षण थोपर्नु पूर्ण रूपमा अन्यायपूर्ण र अव्यवहारिक निर्णय हो, जुन परीक्षण गन्तव्य मुलुकका लागि अनिवार्य छैन त्यस्ता परीक्षण थप्नु भनेको गरिब नेपाली श्रमिकका लागि आर्थिक बोझ थप्ने नियत हो । नेपालमा गरिने स्वास्थ्य परीक्षण केही गन्तव्य मुलुकले मान्यता नदिने हुँदा कामदार विदेश पुगेपछि पुनः स्वास्थ्य परीक्षण गर्नुपर्ने हालको अवस्था छ र यदि विदेशमा 'मेडिकल अनफिट' भई नेपाल फर्कनुपर्ने भए ठुलो आर्थिक नोक्सानी हुने जसमा कामदारलाई क्षतिपूर्ति र रोजगारदाता कम्पनीले समेत आर्थिक क्षतिको जिम्मा हाम्रा इजाजतवाला संस्थालाई नै बनाइरहेको अवस्था छ । यसरी कामदार स्वास्थ्य परीक्षण असफल हुँदा आर्थिक क्षतिको जिम्मेवारीसमेत स्पष्ट नबनाई कामदारलाई थप परीक्षणको नाममा शुल्क बढाउँदै गरिएको निर्णय सर्वोपरि हित, न्यायसंगत र समयअनुकुल छैन । साथै **अभिमुखीकरण तालिम प्रदायक संस्थाले समेत मनोमानी रकम संकलन गरिएको गुनासो निरन्तर आइरहेका छन्, जुन विषयको निर्णय संघमा प्राप्त नभएकोले, यस्तो मनोमानीपूर्ण रकम असुलीप्रति संघको गम्भीर ध्यानाकर्षण जनाउँदै कडा आपत्ति व्यक्त गर्दछौं ।** यस्ता एकतर्फी निर्णय सच्याइएन भने संघ हाम्रा कामदारहरूको स्वास्थ्य परीक्षण तथा अभिमुखीकरण शुल्क यथावत् राखेर संघ आफैंले माथिका समस्याहरू व्यवस्थापन गर्ने नीति लिँदै अघि बढ्न बाध्य हुनेछ । यसबाट उत्पन्न असर सम्बन्धित निकायहरूले वहन गर्नुपर्ने ब्यहोरासमेत जानकारी गराउँदछौं ।

**यस विषयको गम्भीरतालाई ध्यानमा राखी मेडिकल परीक्षण शुल्कमा गरिएको वृद्धि तत्काल फिर्ता गरियोस्, गन्तव्य मुलुकमा आवश्यक नपर्ने परीक्षण तुरुन्तै हटाइयोस्, अभिमुखीकरण तालिमको शुल्क वृद्धि यथास्थितिमा राखियोस्,** र वैदेशिक रोजगारसँग सम्बन्धित कुनै पनि विषयमा भविष्यमा संघसँग छलफल र समन्वय गरेरमात्र त्यसको व्यवहारिक पक्ष र पारदर्शिता ध्यान दिएर तथ्यगत अध्ययनमा आधारित निर्णयहरू गरियोस् । कामदारमाथि अन्यायपूर्ण आर्थिक भार थोपर्ने, विकृतिलाई संरक्षण दिने, सिन्डिकेटलाई पक्षपोषण गर्ने र समन्वय बिनाका निर्णय गर्ने हर प्रयासलाई नेपाल वैदेशिक रोजगार व्यवसायी संघले कुनै हालतमा स्वीकार गर्ने छैन साथै नेपाली कामदारको हकहित, सम्मान र सुरक्षामा कुनै सम्झौता हुँदैन र त्यस्ता कुकार्य र प्रयासविरूद्ध जुनसुकै कदमहरू चाल्नसमेत संघ बाध्य हुने ब्यहोरा वैदेशिक रोजगारसँग सरोकार राख्ने निकाय र सर्वसाधारणमा स्पष्ट पार्न चाहान्छौं ।

**महेश कुमार बस्नेत**
महासचिव

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
सिफल -७, काठमाडौं, फोन नं. ०१-४५२०२६९/४५२४४१८

पृष्ठ १ बाट क्रमशः

## निर्वाचन सुरक्षामा...

प्रहरीले चुनावी सुरक्षा गर्न सक्छ । तर, यदि प्रहरीलाई अविश्वास गरेर सेना परिचालन गर्न थालियो भने त्यसले राम्रो गर्दैन । जस्तो, ज्ञानेन्द्र शाहले शासनसत्ता हातमा लिँदा सेनालाई अगाडि सार्दा के भयो, त्यो हेरे पुग्छ ।' एक सुरक्षा संगठनलाई अर्को सुरक्षा संगठनको भूमिका दिने सरकारको कदम घातक हुने भन्दै मल्लले चिन्ता प्रकट गरेका छन् । हुन पनि सरकारको यस्तो कार्यले सुरक्षा संगठनहरूबीच अधिकार क्षेत्रमै लफडा निम्तिन सक्छ । विगतमा नेपाल प्रहरी र सशस्त्र प्रहरीबीच त्यस्तै भएको थियो ।

यतिबेला नेपाल प्रहरीको मनोबल खस्किएको छ । जेन-जी विद्रोहको क्रममा ब्यारेकहरू जलाइएको, हातहतियार खोसिएको, पोशाकसमेत लुटिएको र केही प्रहरी मारिएको घटनाले प्रहरी अझैसम्म त्रसित छन् । मनोवैज्ञानिक रूपमा जेन-जी विद्रोहअघिजस्तो उच्च मनोबलमा प्रहरी छैनन् ।

त्यसमाथि कार्की सरकारले जेन-जी विद्रोहको पहिलो दिन २३ भदौको सरकारी बल प्रयोग र २४ भदौमा जेन-जी र उनीहरूलाई समर्थन गर्ने समूहहरूबाट भएको विध्वंशको जाँचबुझ गर्न गठित समितिले पनि फिल्डमा खटिएका प्रहरीको बयान लिँदै छ । आदेश परिपालक प्रहरीसँग बयान लिइरहँदा आदेश दिने तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकसँग बयान लिन जाँचबुझ समितिले सकेको छैन ।

यस्तोमा प्रहरीलाई फसाउने र राजनीतिक नेतृत्वलाई दोषबाट उन्मुक्ति दिने खेल भइरहेको चर्चा पनि चुलिएको छ, जसले प्रहरीको मनोबल झनै खस्काएको छ । भन्न त गृहमन्त्री ओमप्रकाश अर्यालले नेपाल प्रहरीको मनोबल बढाउन सरकार लागि परेको दाबी गरेका छन् । उनीहरूको आत्मसम्मान, निष्पक्षता र पेशागत स्वतन्त्रता सुनिश्चितामा सरकार प्रतिबद्ध रहेको उनको भनाइ छ । राष्ट्रियसभाअन्तर्गत प्रत्यायोजित समितिको बैठकमा उनले प्रहरीले भोग्नुपरेको मनोवैज्ञानिक, सञ्चालनगत र संरचनागत असरलाई न्यून पार्न सरकारले तदारुकताका साथ पहल गरिरहेको उल्लेख गरे । आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचन शान्तिपूर्ण, भयरहित र निष्पक्ष रूपमा सम्पन्न गर्न महत्वपूर्ण भूमिकामा रहेको प्रहरीको मनोबच उच्च बनाउनु आवश्यक भएको बताए ।

'सरकारले बर्दीको प्रतिष्ठालाई मुख्य प्राथमिकतामा राख्दै गैरघातक हतियारको उपलब्धता, सेवा सुविधामा सुधार र नागरिक प्रहरीको सहकार्यजस्ता कदम चालेका छौँ । अहिले प्रहरीको मनोबल बढाउन उनीहरूको आत्मसम्मान एवं प्रतिष्ठा सुनिश्चित गर्नुपर्छ,' अर्यालले भने । यद्यपि, उनको बोली र व्यवहारमा भने तालमेल देखिएको छैन । हालै बाराको सिमरामा जेन-जी युवाहरू र एमाले कार्यकर्ताबीच मुडभेट हुँदा जेन-जी अगुवा दाबी गर्ने सुधन गुरुङको दबाबमा त्यहाँका प्रहरी उपरीक्षक (एसपी) सन्तोष तामाङलाई गृहमन्त्री अर्यालले जिम्मेवारीमुक्त गरिदिए । पूर्वप्रहरी अधिकारीहरूको विचारमा गृहमन्त्री अर्यालको यो कदम प्रहरीको मनोबल उकास्नेगरीको होइन । यस्तो अवस्थाबीच निर्वाचनमा प्रहरीको भूमिका खुम्च्याउने र सेनाको बढाउनेगरी मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति पौडेलले सेना परिचालनमा स्वीकृति दिए ।

तर, एक जना पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) पुष्कर कार्की भने सेना परिचालन छिटो गर्नुलाई अस्वाभाविक ठान्न नहुने बताउँछन् । विशिष्ट परिस्थितिमा हुने चुनावमा सरकारले सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखेर सेना कतिबेला परिचालन गर्ने भनेर निर्णय लिन सक्ने उनको भनाइ छ ।

'केन्द्रीय सुरक्षा समितिले सुरक्षा स्थितिको विश्लेषण गर्छ, त्यसकै आधारमा एकीकृत सुरक्षा योजना बन्ने हो र सेनालाई कतिबेला खटाउने भन्ने निर्णय गर्छ, यसलाई के के न भयो भनेर सोच्नु हुँदैन,' उनले भने । हाल नेपाल प्रहरीमा ७५ हजार बढी जनशक्ति छ ।

■■■

## प्रधानमन्त्री बन्ने...

कार्की सरकारले गरेको विघटन न्यायिक परीक्षणमा जाँदा बदर हुने सम्भावना दलहरूले देखेका छन् । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले दोस्रोपटक ८ जेठ २०७८ मा गरेको प्रतिनिधिसभा विघटन बदर हुँदा सोही वर्षको २८ असारमा सर्वोच्चको परमादेशको आधारमा प्रधानमन्त्री नियुक्त भएका थिए । यसपटक पनि देउवा त्यस्तै अवसर आउने ठानिरहेका छन् ।

बिहीबार विराटनगर पुगेर कांग्रेस उपसभापति धनराज गुरुङले निर्वाचन हुनै नसक्ने दाबी गरे । यता प्रधानमन्त्री सुशीला कार्कीसँगको भेटमा एमाले नेताहरूले आफ्नो अध्यक्ष ओलीलाई स्थानहद तोकेर निर्वाचन हुन नसक्ने चेतावनी दिइसकेका छन् ।

अर्कोतिर, जेन-जीहरूको एक समूहले प्रधानमन्त्री कार्की र गृहमन्त्री ओमप्रकाश अर्यालको राजीनामा मागेको छ । मिरज ढुंगाना र उनी समर्थक जेन-जीहरूले राजीनामा माग्दै बुधबार त बालुवाटार क्षेत्रमा प्रदर्शन नै गरे । सुधन गुरुङ र उनी समर्थक जेन-जीहरूले बाराको सिमरा घटनालाई लिएर गृहमन्त्री ओमप्रकाश अर्यालको राजीनामा माग्दै आएका छन् । प्रधानमन्त्री कार्की पनि सत्तामा पुगेपछि व्यावहारिक रूपमा दण्डहीनता र नातावादको पक्षपाति देखिको भन्दै उनको आलोचना हुन थालेको छ । यसबीच उनको सरकार ढल्ने चर्चा पनि भइरहेको हो ।

भित्री रूपमा पूर्वप्रधानन्यायाधशीश कल्याण श्रेष्ठ यो खेलमा लागेको स्रोतको दाबी छ । श्रेष्ठ यसअघि आफै प्रधानमन्त्री बन्ने दाउमा लागेका थिए । आफू सफल नभएपछि देउवालाइ प्रधानमन्त्री बनाउनुपर्ने भन्दै श्रेष्ठले भित्री छलफल बाक्लो बनाएका छन् ।

यस्तो अवस्थामा आफू प्रधानमन्त्री बन्ने छाँट देउवाले देखेको उनीनिकट एक नेता बताउँछन् । त्यसो हुनाले भावी प्रधानमन्त्री आफू र सभापति थापालाई बनाउन पार्टीभित्र आन्तरिक समझदारी जुटाउनका लागि बैठक सारेको सारेकै गरिरहेका हुन् ।

■■■

## सरकारले शुल्क...

अहिले नौ हजारमा होल बडी चेकअप हुन्छ । नौ हजार पाँच सय पुऱ्याएर कुन मापदण्डको जाँच गर्न खोजेको हो ?' विगतमा रोजगारीमा जाने श्रमिकले करिव २० वटा परीक्षण छ हजार पाँच सयमा गर्दै आएका थिए । तर हुनुपर्ने जति परीक्षण नभएको, गुणस्तरहीन परीक्षण गरिएको भन्ने अध्ययनले देखाएपछि परीक्षणको दायरा र शुल्क बढाउने निर्णय सरकारले गरेको थियो । तर श्रमिकसँग जोडिएको विषयमा संघसँग सहकार्य नगरी एकलौटी गरिएको निर्णय कार्यान्वयन हुन नसक्ने गुरुङले बताए । 'संघको सहमति र सहभागिताबिना गरिएको निर्णय फिर्ता हुनुपर्छ । कामदारको हितका लागि हामी कडा कदम चाल्न पनि पछि पर्दैनौं,' गुरुङले भने, 'सबै संस्थाको अनुगमन पनि भइसकेको छैन । यो स्वास्थ्य व्यवसायी महासंघको चलखेल हो ।'

यता नेपाल मेडिकल व्यवसायी महासंघले भने रोजगारीमा जाने श्रमिकको परीक्षणका विषयमा अन्तर्राष्ट्रिय स्तरमै प्रश्न उठ्न थालेपछि सरकार स्वयम्ले निर्णय गरेको विषय कार्यान्वयन भएको जनाएको छ । सेवालाई गुणस्तरीय बनाउन ल्याइएको प्रावधान खारेज गर्नुपर्ने कुनै कारण नरहेको महासंघका महासचिव कृष्णप्रसाद बजगाईंको भनाइ छ ।

'गन्तव्य मुलुकले अन्तर्राष्ट्रिय फोरममा यहाँको मेडिकललाई गुणस्तरहीन भनेपछि सरकारले दुई वर्ष लगाएर अध्ययन गरेको हो । विज्ञहरूले सिफारिस गरेका धेरै कुरा यसमा लागू भएका छन्,' बजगाईंले भने, 'स्वास्थ्य परीक्षण गुणस्तरीय हुनुपऱ्यो, अन्तर्राष्ट्रिय मापदण्ड पुरा गर्नुपऱ्यो भन्ने विषय पनि अनुचित लाग्छ भने त्यो बुझाइमा कमजोरी हो ।'

सरकारले परीक्षणको दायरा बढाएपछि त्यसको शुल्क पनि स्वतः बढ्ने बजगाईंको भनाइ छ । आफूहरूले पारदर्शी र श्रमिकको हित हुने गरी काम गरेको बरु बेथिति मेनपावरतिरै भएको उनले दाबी गरे । 'मेनपावरले ५० हजार तिरेर ल्याएको डिमान्डमा पाँच लाखसम्म उठाउँदा चाहिँ कहाँसम्म उचित अनि यो कसरी अनुचित ?,' बजगाईंले प्रश्न गरे, 'जति काम गर्छौं बिल काटेर सरकालाई कर तिरेका छौँ । स्वास्थ्य परीक्षणलाई व्यवस्थित गर्नुपर्छ भन्ने विषयलाई खारेज गर्न भन्न पाइन्छ ?'

नयाँ मापदण्डअनुसार हेपाटाइटिस बी र सी, मलेरिया, सुगर, टाइफाइडसहित रक्त परीक्षण गर्दा सिबिसी, इएसआर, प्लेटलेट, मांसपेशी र हड्डीका समस्या, क्यान्सर, मधुमेह, मुटुरोग, मिर्गौलाको परीक्षणमा सिरम युरिया, क्रियाटिनिन श्वासप्रश्वास, छाला रोगलगायतका परीक्षण गरिनेछ । सरकारले स्वास्थ्य परीक्षणलाई विद्युतीय प्रणालीमा लग्ने तयारीसमेत गरिरहेको छ । भइसकेपछि श्रमिकको स्वास्थ्य परीक्षणको रिपोर्ट सीधै वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेम्स)मा पठाइने हुँदा जुनसुकै स्थानमा पनि श्रमिकको स्वास्थ्य अवस्थाको जानकारी लिन सकिने जनाइएको छ ।

# सार्क कार्यक्रम समितिको ६१औँ बैठक सम्पन्न

**काठमाडौं (प्रस)–** दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को कार्यक्रम समितिको ६१औँ बैठक श्रव्यदृश्यका माध्यमबाट बुधबार सम्पन्न भएको छ ।

बैठकको उद्घाटन गर्दै परराष्ट्र मन्त्रालयका सहसचिव तथा कार्यक्रम समितिका अध्यक्ष किरण शाक्यले सार्क यस क्षेत्रको प्रमुख क्षेत्रीय सङ्गठनका रूपमा सदस्य राष्ट्रहरूबीच संवाद, सहकार्य र सामूहिक कदम चाल्नका लागि महत्वपूर्ण मञ्च भएको बताए ।

यहाँस्थित सार्क सचिवालयका अनुसार त्यस अवसरमा सार्कका महासचिव मोहम्मद गोलाम सरवरले सदस्य राष्ट्रहरूबाट निरन्तर प्राप्त सहयोगप्रति धन्यवाद ज्ञापन गर्दै कार्यक्रम समितिको भूमिकाको महत्वको चर्चा गरे । साथै उनले दक्षिण एसियाली मुलुकहरूको उन्नयनको साझा उद्देश्यका खातिर सार्क स्थापना भएको बताउँदै सामूहिक रूपमा सार्कले धेरै उपलब्धि हासिल गर्न सक्ने विश्वास व्यक्त गरे ।

बैठकले आगामी वर्षका लागि सार्कका विशेष निकाय तथा क्षेत्रीय केन्द्रहरूको बजेट तथा गतिविधिका वार्षिक तालिकाहरूको समीक्षाका साथै त्यसलाई अन्तिम रूप दिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८०/०१/१३ मा दर्ता भएको **प्रा. लि. नं. ३११५६०** को **नेपाल मोटोकेयर प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०८/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७८/०५/०८ मा दर्ता भएको प्रा.लि.नं. २६९१६० को **एलेक्स निर्माण सामाग्री सप्लायर्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०८/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमि व्यवस्थापन तथा अभिलेख विभाग
भुमि सुधार तथा मालपोत कार्यालय,
मलंगवा,सर्लाही मोही फाँट

**३५ दिने सार्वजनिक सूचना**

जि. सर्लाही साविक गा.वि.स. बल्बा सोकनाहा वर्डा नं. ९ हाल ईश्वरपुर न.पा. वार्ड नं. १५ मा बस्ने **बाबुजी राय दनुवार** नाउँको हकदावी गर्न आउने बारेको सूचना ।

उपरोक्त सम्बन्धमा जि. महोत्तरी साविक गा.वि.स. फुलकाहा वार्ड नं. ९ हाल गौशाला न.पा. वार्ड नं. ७ मा बस्ने भोजराज झा को नाममा दर्ता कायम रहेको जि.स.गा.वि. बल्बा सोकनाहा वार्ड नं. ९क कि.नं. ९६५ र ९६४ को क्षेत्रफल ०-२-१५ र ०-२-१५ जग्गाको मोही महलमा जि. सर्लाही साविक गा.वि.स. बल्बा सोकनाहा वर्डा नं. ९ हाल ईश्वरपुर न.पा. वार्ड नं. १५ मा बस्ने **बाबुजी राय दनुवार** को नाम उल्लेख रहेकोमा जग्गा धनीको **जग्गा नजोतेको मोही लगत कट्टा** गरि पाउँ भन्ने निवेदनमा कार्यालयबाट भएको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम **जग्गा नजोतेको मोही लगत कट्टा** तर्फको कार्यवाही भै जाने यसै सूचनाद्धारा जानकारी गराईन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

**खारेज गर्ने सम्बन्धमा लिक्वीडेटरको सूचना**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०८१।०८।११ मा दर्ता भएको **प्रा.लि.नं. ३५४४०४** रहेको **पिकलाईन ट्रेडिङ प्रा.लि.,** ललितपुरको सञ्चालक समितिको मिति २०८२।०८।१० मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार यस कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १२६ अनुसार कम्पनीको **स्वेच्छिक खारेजी (लिक्वीडेसन) मा लैजाने विशेष प्रस्ताव** पारित भएकोले कम्पनी ऐन, २०६३ अर्न्तगत रहि कम्पनीको खारेजी (लिक्वीडेसन) प्रक्रिया शुरु गरिएको छ । तसर्थ कम्पनीले तिर्न व्यहोर्न पर्ने ऋण, धन, अन्य दायित्व एवं कोही कसैसँग कुनै लेनदेन बाँकी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र तल उल्लेखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ । कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम दायित्व भुक्तान गरि बाँकी रहेको जायजेथा कम्पनीका शेयरधनीहरु लाई बाँडिने हुनाले तोकिएको म्याद भित्र दावी नगरिएमा पछि कसैको कुनै प्रकारको दावी नलाग्ने व्यहोरा समेत सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**लिक्वीडेटर, सुबाश बिश्वकर्मा, प्र.प.नं. ६४४**
**सम्पर्क नं. ९८५१२१३३२७, काठमाण्डौ**


**तु-आवश्यकता**

यस प्रतिष्ठित कम्पनीको लागि निम्न कर्मचारीहरु आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

(i) HR Manager - 2 (ii) P.R.O. - 5
(iii) Documentation Officer - 2 (iv) Receptionist - 2

नोटः SLC / + 2 Passed, Excel, Word, Photoshop सम्बन्धी ज्ञान भएको, सम्बन्धित क्षेत्रमा २ देखि ३ वर्ष अनुभव, अङ्ग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनु पर्नेछ ।

तलब : आपसी समझदारीमा Call us at : 9851077886

Govt. License No. 1047/073/74
YOUNG MANPOWER PVT.LTD.
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np/


**उन्नतिशील बहुउद्धेश्यीय सहकारी संस्था लि.**
स्वयम्भु, काठमाडौं

**कर्जा चुक्ता गर्ने सम्बन्धि ३५ दिने सूचना**

प्रथम प्रकाशित २०८२/०८/१२

यस सहकारी संस्था लिमिटेडबाट कर्जा लिने तपशिलका ऋणीहरूले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मौखिक एवं पत्र मार्फत लिखित अनुरोध गरी तर ताकेता गर्दा समेत संस्थाको अनुरोधलाई बेवास्था गरी कर्जा भुक्तान नगर्नु भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थामा सम्पर्क राखि कर्जा सम्झौता बमोजिम संस्थालाई बुझाउनु पर्ने बक्यौता रकम चुक्ता र भुक्तान गर्नुहोला । अन्यथा प्रचलित सहकारी ऐन कानून एवं संस्थामा गरेको लिखित बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिखित बिक्री गरिनुका साथै ऋणीको सम्पत्तिबाट ऋण असुल उपर हुन नसकेमा धन जमानी बस्नु हुनेको चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने ब्यहोरा समेत जानकारी गराइन्छ ।

**तपशिल**

| सि.नं. | ऋणीको तिन पुस्ता | धन जमानी |
|---|---|---|
| १ | **नाम : बासु कार्की**<br>बाजे : भक्त बहादुर कार्की<br>बुबा : कृष्ण बहादुर कार्की<br>ना.प्र.नं. जारी मिति र जिल्ला : ४५६३/४७८२/ काठमाडौं<br>स्थायी ठेगाना : रामकोट ९, काठमाडौं<br>हालको ठेगाना : नागार्जुन न.पा. ६, काठमाडौं । | **नाम : रन्जित कार्की, कान्छी कार्की** |
| २ | **नाम : सोम वाइबा तामाङ लामा**<br>बाजे : हर्ष बहादुर लामा<br>बुबा : भक्त बहादुर लामा<br>ना.प्र. नं. जारी मिति र जिल्ला : १००७७/४०७४० काठमाडौं<br>स्थायी ठेगाना : इचंगुनारायण गा.वि.स वडा नं.३, काठमाडौं<br>हालको ठेगाना : नागार्जुन न.पा. ३, काठमाडौं । | **नाम : तिछु लामा, सर्मिला लामा, ममता खड्का** |
| ३ | **नाम : नेत्र बहादुर गुरुङ्ग**<br>बाजे : कर्म गुरुङ्ग<br>बुबा : छोक्याल गुरुङ्ग<br>ना.प्र. नं. जारी मिति र जिल्ला : २६७/ काठमाडौं<br>स्थायी ठेगाना : मुक्तिनाथ १, मुस्ताङ्ग<br>हालको ठेगाना : नागार्जुन न.पा. २, काठमाडौं । | **नाम : पार्वती गुरुङ्ग** |
| ४ | **नाम : किरण दानी**<br>बाजे : कूल बहादुर दानी<br>बुबा : भिम बहादुर दानी<br>ना.प्र. नं. जारी मिति र जिल्ला : ११०६६/१८९९ काठमाडौं<br>स्थायी ठेगाना : भिमढुंगा ६, काठमाडौं<br>हालको ठेगाना : नागार्जुन न.पा. ८, काठमाडौं । | **नाम : मैना दिदी, जमुना दानी** |
| ५ | **नाम : यादव प्रसाद पोखरेल**<br>बाजे : महेश्वर पोखरेल<br>बुबा : हरिदेव पोखरेल<br>ना.प्र. नं. जारी मिति र जिल्ला : ११०६६/१८९९ काठमाडौं<br>स्थायी ठेगाना : थर्पु ३, पाँचथर<br>हालको ठेगाना : चन्द्रागिरी ५, काठमाडौं । | **नाम : किरण दानी** |
| ६ | **नाम : चक्रध्वज तुलाचन**<br>बाजे : धर्मध्वज तुलाचन<br>बुबा : कमलध्वज तुलाचन<br>ना.प्र. नं. जारी मिति र जिल्ला : ९८१३००१०/मुस्ताङ्ग<br>स्थायी ठेगाना : टुक्चे १, मुस्ताङ<br>हालको ठेगाना : का.म.न.पा.१६, नयाँ बजार | **नाम : अञ्जली तुलाचन** |
| ७ | **नाम : सुनिल तामाङ्ग**<br>बाजे : प्रेम बहादुर तामाङ्ग<br>बुबा : श्याम काजी तामाङ्ग<br>ना.प्र. नं. जारी मिति र जिल्ला : २७३०३९/१०११ काठमाडौं<br>स्थायी ठेगाना : भिमढुंगा ८, काठमाडौं<br>हालको ठेगाना : नागार्जुन न.पा. ८, काठमाडौं | **नाम : सविता थापामगर** |
| ८ | **नाम : तारा के.सी**<br>बाजे : शंकर प्रसाद आराम गिरी<br>बुबा : देवी बहादुर के.सी<br>ना.प्र. नं. जारी मिति र जिल्ला : १६०८३/काभ्रे<br>स्थायी ठेगाना : बलथली २<br>हालको ठेगाना : सीतापाईला १, काठमाडौं | **नामः शंकर प्रसाद आराम गिरी, टंक प्रसाद गौतम** |
| ९ | **नाम : ओम प्रकाश उपाध्याय**<br>बाजे : रामेश्वर उपाध्याय<br>बुबा : विष्णु प्रसाद उपाध्याय<br>ना.प्र. नं. जारी मिति र जिल्ला : ४२०/बुटवल<br>स्थायी ठेगाना : रुद्रपुर ६, रूपन्देही<br>हालको ठेगाना : का.म.न.पा १५, स्वयम्भु | **नामः ललिता पन्थी, निम वाङ्देल लामा** |
| १० | **नाम : विदुर के.सी.**<br>बाजे : मदन बा. के.सी.<br>बुबा : ललित बा. के.सी.<br>ना.प्र. नं. जारी मिति र जिल्ला : ३६३१/९९४, २०४४/०२/१८, काठमाडौं<br>स्थायी ठेगाना : काठमाडौं जिल्ला, शेशनारायण गा.वि.स वडा नं.७<br>हालको ठेगाना : ऐ | **नामः** |

**Gandaki Province Government**
**Ministry of Physical Infrastructure Development & Transport Management**

## Infrastructure Development Office

**Kushma, Parbat**

**Invitation for Bids**

Date of publication: 2025-11-28 AD (2082-08-12 BS)

We invite online bids only under e-procurement system from eligible bidders for the construction of projects mentioned below under National Competitive Bidding. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp. All bidders are requested to submit e-Bid only as per instructions within the mentioned period.

| S. N. | Works Description | Contract ID | Estimated Amount with PS & VAT (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|
| 1 | Upgrading of Bhahaneko Dandadekhi Betehani Samma Sadak, Phalewas -9, Parbat | IDO/PAR/NCB/ W/24/082-83 | 97,41,803.46 | 2,50,000.00 |
| 2 | Upgrading of Siddheshwar Pra. Bi. - Tamaadi - Puwa - Thulipokharee Road and Pakuwa - Raaniswara - Chhaapa Road, Kushma -10, and Kushma -11, Parbat | IDO/PAR/NCB/ W/25/082-83 | 48,72,688.23 | 1,25,000.00 |
| 3 | Bishnu Batika Bhautik Purvadhar Nirman, Kushma -8 and Paudelchowk - Bumi - Lampata - Chutredhunga Jhakrikhola - Taar Road, Kushma -12 | IDO/PAR/NCB/ W/26/082-83 | 48,72,619.50 | 1,25,000.00 |
| 4 | Naarikot - Naramto Road, Kushma -9 and Karkepaani - Maajhthar - Kaproko Rukh to Healthpost Road, Kushma -1, Paang | IDO/PAR/NCB/ W/27/082-83 | 48,72,628.17 | 1,25,000.00 |
| 5 | Combined Package for the Construction of Waaribeni - Banskharka Road and Bagarphant Banskharka Jaljala Road, Jaljala, Parbat | IDO/PAR/NCB/ W/28/082-83 | 1,46,14,939.14 | 3,75,000.00 |
| 6 | Upgrading of Bhawanipaani - Kuldanda Road and Kuldanda - Phadkedhunga Basic School Road, Jaljala -4, Parbat | IDO/PAR/NCB/ W/29/082-83 | 48,72,830.49 | 1,25,000.00 |
| 7 | Gauretey - Raatmaata - Shivalaya Road, Jaljala -2, Parwat | IDO/PAR/NCB/ W/30/082-83 | 48,72,016.01 | 1,25,000.00 |
| 8 | Construction / Upgrading of Tribeni Ward Office - Nekarka Road, Paiyun -2 and Bhurtelthar - Baanidanda Road, Paiyun -5, Parbat | IDO/PAR/NCB/ W/31/082-83 | 48,73,206.55 | 1,25,000.00 |
| 9 | Road Maintenance works of Chisapaani - Haatemaalo Chowk - Tribeni - Wahaki Bhanjyang - Pokharachaur - Khaharekhola Road, Paiyun and Bihadi Rural Municipality, Parbat | IDO/PAR/NCB/ W/32/082-83 | 73,10,429.27 | 1,87,500.00 |
| 10 | Upgrading of Upallo Saatle, Shrikaang Road, Phalewas -10 and Laukekhola - Paanraang Ward Office Road, Phalewas -11, Parbat | IDO/PAR/NCB/ W/33/082-83 | 48,73,289.08 | 1,25,000.00 |
| 11 | Upgrading of Thanti Deurali - Purano Ward Office to Boarding School Road, Modi -7, Ramjathanti and Tilahar - Thamarjung - Jayagaun - Salyan Road, Modi - 6, Parbat | IDO/PAR/NCB/ W/34/082-83 | 48,74,115.64 | 1,25,000.00 |
| 12 | Upgrading of Parbat District Badahare - Saarikaate Chaur - Golden Bridge Road, Kushma -1 | IDO/PAR/NCB/ W/35/082-83 | 24,36,397.16 | 62,500.00 |

Bid Document Fee: NRs. 3,000
Bid Submission Deadline: 2025-12-28 AD (2082-09-13 BS) 12:00 PM
Bid Opening Date: 2025-12-28 AD (2082-09-13 BS) 1:00 PM

***Information to deposit the cost of bidding document in Bank:***

Name of Bank: Nepal Bank Limited, Kushma, Parbat
Name of Office: Infrastructure Development Office,
Office Code No. 3370142014
Office Account No.: 27302000001001000001
Rajaswa Shirshak No. 14229

**For Office Chief**

# सामाजिक सुरक्षा कोषमा वैदेशिक रोजगारीमा पुगेकामात्र झन्डै २० लाख

■ प्रभाव संवाददाता

**काठमाडौं–** सामाजिक सुरक्षा कोषमा वैदेशिक रोजगारमा पुगेकाहरू आवद्ध हुने क्रम बढ्दो छ । बुधबारसम्ममा वैदेशिक रोजगारीमा रहेका १९ लाख ९६ हजार ५७९ कोषमा आवद्ध भइसकेको कोषका कार्यकारी निर्देशक कविराज अधिकारीले बताए ।

कोषका अनुसार औपचारिक क्षेत्रका छ लाख ४९ हजार ५११, अनौपचारिक क्षेत्रका ७९९ र स्वरोजगार क्षेत्रका ५८२ श्रमिक योजनामा आबद्ध भइसकेका छ । कोषका अनुसार बुधबारसम्म साढे २६ लाख नागरिक योगदानमा आधारित सामाजिक सुरक्षाको छाताभित्र समेटिएका छन् । कोषले श्रमिकका लागि औषधि उपचार, स्वास्थ्य तथा मातृत्व, दुर्घटना अशक्तता, आश्रित परिवार सुरक्षा र वृद्धावस्था सुरक्षा योजना सञ्चालन गरिरहेको छ । उल्लेखित योजनाबाट श्रमिक र तिनका परिवारले विभिन्न सुविधा र सहुलियत प्राप्त गर्दै आइरहेको कोषले जनाएको छ ।

कोषमा हालसम्म ९५ अर्ब ६८ करोड रूपैयाँ योगदानमा आधारित रकम संकलन भइसकेको छ । कोषबाट दुई लाख ५३ हजार १४३ श्रमिकले विभिन्न सुविधाबापत १७ अर्ब ७२ करोड दाबी भुक्तानी लिएका छन् । कोषले योगदानकर्तालाई स्वास्थ्य सुविधाको अतिरिक्त बचतको ब्याज, निश्चित अवधिपछि मासिक पेन्सन, घर सापटी, शैक्षिक सापटीलगायत सहुलियत प्रदान गर्दै आइरहेको छ । सरकारले २०७५ मंसिर ११ गते योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको औपचारिक घोषणा गरेको थियो ।

### बोझका रूपमा नलिन प्रधानमन्त्री कार्कीको आग्रह

प्रधानमन्त्री सुशीला कार्कीलेसामाजिक सुरक्षालाई बोझको रूपमा नलिन निजी क्षेत्रसँग आग्रह गरेका छन् । आठौं सामाजिक सुरक्षा दिवसका अवसरमा बिहीबार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले श्रमिकको सामाजिक सुरक्षालाई शानको रूपमा लिन अनुरोध गरेकी हुन् ।

परिपूर्ण सामाजिक सुरक्षाबिना सामाजिक न्याय सम्भव नहुने उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले नेपाल जस्तो मुलुकमा सामाजिक सुरक्षा अन्तरपुस्ता लागत सन्तुलन र समतामूलक बनाउन योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुनुपर्ने बताइन् । 'यसको सफल कार्यान्वयनबाट नै हुनेले नहुनेलाई, धनीले गरिबलाई, निरोगीले रोगीलाई प्रणालीबद्ध रूपले सहयोग गर्ने सामाजिक ऐक्यबद्धताको सिद्धान्तमा आधारित उत्पादनमूलक समाजको निर्माण हुने रहेछ', कार्कीले भनिन् ।

एकीकृत, दिगो र सक्षम सामाजिक सुरक्षा प्रणाली निर्माण गर्न सरोकारवालाबाट उठान भएका विषय सम्बोधन गर्न छलफल भइरहेको कार्कीको भनाई थियो । 'औपचारिक क्षेत्रको अनिवार्य आबद्धताको कार्यान्वयन, अनौपचारिक क्षेत्रका श्रमिकलाई कानुनी रूपमा गर्नुपर्ने सह-योगदानमा सङ्घीय सरकारले कति गर्ने, सरकारी संयन्त्रअन्तर्गत करारमा रहेका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध भएको महसुस कसरी गराउनेलगायत विषय सम्बोधन हुने विश्वास दिलाउँछु', उनले भनिन् ।

दिन प्रतिदिन आकार बढ्दै गएको सामाजिक सुरक्षा कोषलाई राष्ट्र निर्माणमा कसरी उपयोग गर्ने भन्ने सन्दर्भमा पनि गृहकार्य हुन आवश्यक रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले प्रत्येक श्रमिक र रोजगारदाताले जम्मा गरेको रकम सार्थक परिणाम दिने क्षेत्रमा लगानी गर्नुपर्नेमा जोड दिइन् ।

# मिथुन भोटेको अध्यक्षतामा नेपाल बौद्ध धर्म संरक्षण संघको नयाँ कार्यसमिति

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल बौद्ध धर्म संरक्षण संघको १९ औं साधारणसभा तथा ९ औं अधिवेशन सम्पन्न भएको छ । बुधबार काठमाडौँको तिनचुलीस्थित नेपाल बौद्ध महासंघको सभा हलमा सम्पन्न अधिवेशनबाट टासी ग्याल्जेन शेर्पा (मिथुन भोटे)को नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको हो ।

अधिवेशनबाट १३ जनाको नयाँ कार्यसमिति सर्वसहमतिमा चयन गरिएको निर्वाचन समितिको संयोजक अधिवक्ता गोपालप्रसाद भण्डारीले जानकारी दिए । संघको उपाध्यक्षमा जाङबु शेर्पा, महासचिवमा उमा गुरूङ, सचिवमा भिमबहादुर लामा, कोषाध्यक्षमा पासाङ शेर्पा र सह-कोषाध्यक्षमा विनिता मगर चयन भएका छन् ।

त्यस्तै कार्यसमितिको सदस्यहरूमा विनोद महर्जन, यांला शेर्पा, पेम्बा डोल्मा ह्योल्मो, सुरज खड्का, हरिश लामा, सिमाना पौडेल, निर्मला गुरूङ चयन भएका छन् । संघको संस्थापक




अध्यक्ष युवराज लामा ह्योल्मोको अध्यक्षतामा भएको अधिवेशनमा नेपाल बौद्ध महासंघका अध्यक्ष गेशे नुर्बु थुन्डु शेर्पाको प्रमुख आतिथ्यता तथा काठमाडौं महानगरपालिका वडा ६ का अध्यक्ष भुवन लामाको विशेष आतिथ्यता रहेको थियो ।

अतिथिहरूमा नेपाल बौद्ध महासंघका महासचिव पेमादोर्जे तामाङ, भोटे संघका केन्द्रीय सदस्य यंछेन भोटे र भोटे संघ काठमाडौंका अध्यक्ष छिरिङ पान्दे भोटलगायत रहेका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि गेशे नुर्बु थुन्डु शेर्पाले मानव समाजको अस्तित्व जोगाउन बौद्ध धर्मको संरक्षण अनिवार्य रहेको बताए । 'बौद्ध धर्मले मानव जगतलाई व्यवहारिक ज्ञान, अनुशासन र मार्ग दर्शन सिकाउने भएकोले संरक्षण र प्रचारमा ध्यान दिनुपर्छ,' शेर्पाले भने । बौद्ध धर्मको प्रचारलाई व्यापकता दिन संघको नयाँ कार्यसमितिले कार्य सम्पादन गर्नेमा विश्वास व्यक्त गर्दै नेपाल बौद्ध महासंघको पनि साथ र सहयोग रहने प्रतिबद्धता व्यक्त गरे ।

नेपाल बौद्ध धर्म संरक्षण संघका संस्थापक अध्यक्षले नयाँ कार्यसमितिलाई पद हस्तान्तरण गर्दै संस्थाको उद्देश्यअनुरूप कार्य सम्पादन गर्न सुझाव दिए । कार्यक्रममा काठमाडौं महानगरपालिका वडा ६ का अध्यक्ष लामाले संस्थाको विधानअनुरूप कार्य गर्न सुझाव दिदै बौद्ध धर्म संरक्षणमा सबै सम्प्रदायका व्यक्ति अटाएर अगाडि बढ्न आग्रह गरे । उनले संघको गतिविधिलाई वृहत रूपमा अगाडी बढाई बौद्ध शिक्षामार्फत समाजमा सकारात्मक सन्देश दिनुपर्ने बताए ।

सामूहिक स्वार्थ स्थापित संस्थाको रूपमा अगाडी लान आफ्नो तर्फबाट हुने सहयोगमा कुनै कन्जुस्याइ नहुने प्रतिबद्धतता गरे । नव निर्वाचित अध्यक्ष शेर्पाले बौद्ध धर्मको संरक्षणमा संघले गर्नुपर्ने कुनै पनि कुरामा कन्जुस्याइ नगरी सहकार्य, साझेदारी र कार्यक्रमहरू अगाडी बढाउने प्रतिबद्धता जनाए ।


## कुवेतमा रोजगार

कम्पनी : **HERBAL LIFE WOMEN'S HEALTH INSTITUTE** शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८२/०८/११ चलानी नं.: ६०२४७८१२ LT.No.: 334421

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Massage Therapist | 10 | 25 | सम्बन्धित काममा दक्ष | 150 | ६९,६२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | SPA Cleaner | 25 | 25 | | 120 | ५५,७०२ | | | | | | | |

कम्पनी : **GULF RESTAURANT COMPANY** शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८२/०८/११ चलानी नं.: ६०२४७८१३ LT. No.: 334422

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ASSISTANT COOK | 8 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ६०,३४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | HELPER EMPLOYEE | 0 | 4 | | 120 | ५५,७०२ | | | | | | | |

कम्पनी : **SARAYA SPA HEALTH INSTITUTE FOR MEN** शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८२/०८/११ चलानी नं.: ६०२४७८११ LT. No.: 334342

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Massage Therapist | 8 | 0 | स. काममा दक्ष | 150 | ६९,६२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **ZAHA KUWAIT RETAIL CO FOR WOMEN READYMADE GARMENTS** शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८२/०८/११ चलानी नं.: ६०२४७८१४ LT. No.: 334343

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ORDINARY HELPERS | 0 | 3 | सम्बन्धित काममा दक्ष | 120 | ५५,७०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Skilled Worker | 6 | 0 | | 140 | ६४,९८६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १९ गते (5 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्न होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1746 /081/82
MAHA
**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com



## कतारमा रोजगारको अवसर

**1. SPACE TRAVEL W.L.L** Qatar, Doha
पुर्व स्वीकृति मिति:२०२५/११/२७ पत्र संख्या: ०८२/८३ चलानी नं.: ६०२४७८१६ LT No. 334165

| सि. नं. | कामदारको पद | माग संख्या महिला | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | सुविधा खाने | सुविधा बस्ने | करार अवधि | कामदार छनौटको तरिका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | RESERVATION OFFICER | 2 | 2 | [illegible] | 2200 | ८५,८०० | [illegible] | ८ घण्टा | ६ दिन | [illegible] | छ | छ | २ वर्ष | अन्तर्वार्ता |

**2. MANNAI TRADING CO. WLL** Qatar, Doha
पुर्व स्वीकृति मिति: २०२५/०७/२३ पुन: विज्ञापन स्वीकृति मिति: २०२५/११/२७ पत्र संख्या: ०८२/८३ चलानी नं.: ६०२४१४१० LT No. 327291

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने/बस्ने सुविधा | करार अवधि | कामदार छनौटको तरिका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | WORKER | 05 | 00 | सम्बन्धित काममा दक्ष | 1200 | ४५३८४ | कं. नि. अनुसार | ८ घण्टा | ६ दिन | कं. नि. अनुसार | छ | २ वर्ष | अन्तर्वार्ता |
| २. | TECHNICAL SUPPORT | 04 | 00 | | 2200 | ८३२०४ | | | | | | | |

| सेवा शुल्क | स्वदेशमा गरिने प्रि. मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा खर्च कस्ले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कस्ले ब्यहोर्ने | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क |
|---|---|---|---|---|---|---|
| नि:शुल्क | कामदार आफै | दिने कं. नि. अनुसार | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क |

**बैदेशिक रोजगार विभागवाट गराइएको जानकारी:** (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्यरुपमा लिनुहोला। (२) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोस्। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। (४) विदेश जानु अघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। (५) विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को (१) एक प्रति आफुसंग राख्नुहोला। (६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगीने सम्भावना हुन्छ। (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे बैदेशिक रोजगार विभाग, तिनकुनेमा सम्पर्क राख्नुहोला। छनौट भइ भिषा प्राप्त गरीसकेको व्यक्तिले उक्त रोजगारमा जान नचाहेमा यस संस्थालाई भिषा वापत लागेको शुल्क क्षतिपुर्ति दिनुपर्नेछ। **कुल लागत खर्च: नि:शुल्क**

**अन्तर्वार्ता २०८२ मंसिर १९ गते (Nov 05, 2025) कम्पनीको कार्यालयमा हुनेछ ।**

**अरब रिक्रुटिङ्ग सर्भिसेज प्रा. लि.**
गणेश मार्ग, सुबिधानगर, तिनकुने, काठमाण्डौ,
फोन: ०१-४१०७९१३, Email: ars@arabrecruiting.com
श्रम इजाजत पत्र नं. ७३/०५२/०५३


# Diprung Chuichumma Rural Municipality

## Office of the Rural Municipal Executive

**Yangsolatar, Khotang**

**Koshi Province, Nepal**

## Invitation for Bids

**First Date of publication: 2082/08/12 (28 November, 2025)**

1. Diprung Chuichumma Rural Municipality invites electronic bids from eligible domestic bidders for the contracts named below:-

| S.N. | Contract Identification Number | Work Description/ Name of Project | Minimum Average Annual Construction Turnover of best 3yrs within last 10 yrs. (NRs) | Experience of similar size and nature (completed at least 1 contract within last 10 yrs) (NRs) | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Bid |
|---|---|---|---|---|---|---|---|
| 1 | DCRM/ WORKS/NCB-02/2082/83 | Construction of Ramailo-Panchami Bazaar-Chhitapokhari-Kalsing khola Sadak (Remaining Section Upto +2) | NPR 150 million (excluding VAT) | NPR 59.6 million (excluding VAT) | 29,80,000 | 120 days | 10,000 |

2. Bidding Document is available online and can be downloaded from e-GP: *http://www.bolpatra.gov.np/egp*. Interested bidder should register in the e-GP system and deposit the required amounts in the following specified bank account: -
   Name of Bank: Sanima Bank, Diprung Branch
   A/C No.: 071010040000014 (Diprung Chuichumma Ga. Pa. Ga.1.1 Antarik Rajashwo Khata) for bid document fee.
   A/C No: 071010020000020 (Diprung Chuichumma Ga. Pa.Ga.3.1 Sthaniya Taha Dharouti Khata) for bid security fee.
3. Electronic bids must be submitted through PPMO website *www.bolpatra.gov.np/egp* before ***12:00 PM on 2082/09/13.*** The bids will be opened in the presence of Bidders' representatives (if attended) who choose to attend at ***2082/09/13 at 1:00 pm.***
4. If the last date of purchasing /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षण निःशुल्क गर

**देशमा रोजगारी छैन । राजनीतिक अस्थिरताका कारण भोलि के हुने हो भन्ने चिन्तामा प्रौढदेखि युवाहरू देखिन्छन् । राजनीतिक नेतृत्वमा बसेकाहरूले देशको स्थिति सम्हाल्न सकेका छैनन् । जुनसुकै सरकार आए पनि रोजगारीको वातावरण सिर्जना नहुँदा नागरिक वाक्कदिक्क भइसकेका छन् ।**

**यस्तो अवस्थामा रोजगारी खोज्न विदेश नै जानु बाध्यता बनिसकेको छ । जुनसुकै सरकारको नेतृत्व अब रेमिटच्यान्सको धाक लगाउन सिपालु भइसकेका छन् । तर त्यही रेमिटच्यान्स पठाउन विदेश जानेहरूबाट अनेक शीर्षकमा लुट्न सरकार आफैं पल्केको देखिन्छ । यसको पछिल्लो उदाहरण हो पासपोर्टको छपाई । सरकारले विभिन्न कारण देखाउँदै पासपोर्ट छपाईंमा ढिला गरेर वैदेशिक रोजगारमा जानेहरूबाट दोब्बर रकम असुलिसकेको छ ।**

**यही मौकामा सरकारले स्वास्थ्य परीक्षणको दायरा बढाएको छ । २० विभिन्न रोगको परीक्षण गर्दा पुग्नेमा सरकारले अब ३४ रोगको परीक्षण गर्नुपर्ने प्रावधान अघि सार्‍यो । जसका लागि ९ हजार ५०० रूपैयाँ जोहो गर्नुपर्ने अवस्था सिर्जना भयो । यो अचाक्ली रकम ऋण लिएर धन कमाउने आशमा जाने युवाले कसरी तिर्ने ? परिवारको सपना, आफ्नो सपना र देश बनाउने उद्देश्यसहित रमाउने सपना बन्धकी राखेर परदेश हिँडेको नागरिकलाई सरकारले धराप थापेर यसरी लुट मच्चाउनु नाजायज विषय हो ।**

**विदेशमा कमाउने जाने युवालाई आर्थिक बोझ कम कसरी गराउने भन्ने विषयमा अब सरकारले तुरुन्तै सोच्नुपर्छ । सरकारले विदेश जाने युवाहरूलाई स्वास्थ्य जाँच अब निःशुल्क गर्नुपर्छ । जसरी स्वदेशमा रहेका नागरिकलाई स्वास्थ्य क्षेत्रमा विभिन्न निःशुल्क स्वास्थ्य सेवा दिइन्छ, यस्तो कार्यक्रमहरू विदेशमा पनि सञ्चालन गर्नुपर्छ । ताकि उनीहरू ढुक्कसाथ र स्वस्थ भएर कार्यक्षेत्रमा खट्न सकुन् ।**

**विदेशमा स्वास्थ्य उपचार महँगो हुँदा श्रमिकहरू निकै मारमा पर्ने गर्छन् । रेमिटच्यान्स धक्कु लगाउने सरकारले उनीहरूको स्वास्थ्य उपचारका लागि विशेष व्यवस्था किन नगर्ने ? वैदेशिक रोजगारीमा जानेहरूको मत माग्ने तयारी गरेको सरकारले उनीहरूलाई न्युनतम यस्ता अधिकार दिनमा कुनै ढिलाई गर्न हुन्न । अहिले विश्व एउटा गाउँ जस्तै भइसकेको छ । तर विदेशिने युवाका लागि यो गफैमा सीमित छ । यदि युवा जो श्रमका लागि विदेशिइरहेका छन्, उनीहरूबाट मतको आश गर्छ भने सरकारले स्वास्थ्य परीक्षण निःशुल्क गरोस् । यहाँमात्र हैन दूतावासहरूमार्फत उनीहरूको स्वास्थ्यमा नियमित फलोअपसमेत गर्नु आजको आवश्यकता हो ।**

**श्रम सरोकार**

## वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरूः

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# कीर्तिपुरको न्हेगाँ जात्रा



पदम श्रेष्ठ

> ने.सं. २४३ मा राजा शिवदेव तृतीयले कीर्तिपुरका शक्ति बाघभैरवलाई केन्द्र मानी पश्चिम शैव देवीदेवता रहनेगरी शिवरत र पूर्व बौद्ध देवीदेवता रहनेगरी देवरत बस्तीलाई व्यवस्थित बसाइएको बताइन्छ । शिवरत ने.सं. ७६३ मा उमामहेश्वर बन्नुअघि दरबार रक्षार्थ किल्लाकै रूपमा र बाघभैरवबाट पूर्व बौद्ध देव देवी विहार चैत्य रहनेगरी देवरत बस्ती व्यवस्थित बसाएको भनाइ छ । जे होस् शिवरततिर चाफल, सागाः कुरूवा, धांवहाल, समल, सायमीटोल, द्योढोका, डोपाछें, तौल्हीं, क्वाचो, दवू, सवाः लाय्कू, सतःको क्षेत्रमा शिवसम्बन्धी देवताको बाहुल्य अझै पाउन सकिन्छ ।

### कीर्तिपुर, भाजंगाल, चोभार आदिनाथदेखि टौदहसम्म

कीर्तिपुरको सात गाउँले (न्हेगाँ) जात्रा सुरु भइसकेको छ। बखुँमद जात्राको नाउँमा थालिने जात्रा एक साताभन्दा बढी समयसम्म हुने गर्दछ । किपु, नगाँ, पाङगा, मछिंगाँ, बोसिगाँ, सतुंगल, नैकापगरी सात टोलको पहिचानमुखी जात्रा हो यो। राजनीतिक वर्गीकरणमा मछिंगाँ, बोसिगाँ, नैकाप र सतुंगललाई चन्द्रागिरि नगरपालिकाअन्तर्गत पारिएता पनि सांस्कृतिकरूपमा यी सातै टोल एक हुने गर्दछ जात्रा पर्वका बेला । तर यो आलेखमा मैले कीर्तिपुरको भ्रमण गर्दा दुई घण्टाभित्रै हिँडेर कति ठाउँ भ्रमण गर्न सकिएला भन्ने प्याकेज भ्रमणको चार्ट प्रस्तुत गर्दा उचित ठानेको छु ।

काठमाडौं उपत्यकाको दक्षिण पश्चिम डाँडामाथि थुम्कोको छुट्टै बस्ती हो, कीर्तिपुर । मातातीर्थ ख वहालका गाईपालक सापु गोपाली र कृषक ज्यापूले सुयोग्य ठाउँको खोजी गर्दै जाँदा सागाबाट कीर्तिपुरमा बस्ती विस्तार भएको भन्ने भनाइ छ, गोपालवंशावलीमा । कथनअनुसार एउटा गाईले रातमा गोठबाट फुत्किएर देवपत्तन पशुपतिनाथको ज्योति पुरिएको ठाउँमा दूध झारी फर्किन्थिन् रे सधैं । आश्चर्यचकित भई खनेर हेर्दा ग्वालाका सरदार सोही ज्योतिमा जलेर भष्म भएछन् । उनै ग्वालाका वंशज भुक्तमान (भुरिमाग) लाई नेमुनि (नेवार) ऋषिले नेपालको राजा बनाए भन्ने कथन छ । गोपालवंशी राजा भुक्तमानपछि जयगुप्त, परमगुप्त, भीम (हर्ष) गुप्त, भीमगुप्त द्वितीय, मणिगुप्त, विष्णुगुप्त र जय यक्षगुप्त आठ पुस्ताले मातातीर्थबाट राज्य गरेको इतिहासमा उल्लेख पाइन्छ । हाल पनि गोपालीको कबिला बस्ती कीर्तिपुरको मच्छेगाउँ, मातातीर्थ, थानकोटहुँदै चित्लाङ, टिस्टुङ, पालुङसम्म पाइन्छ ।

### राजा शिवदेव तृतीय र कीर्तिपुर

ने.सं. २४३ मा राजा शिवदेव तृतीयले कीर्तिपुरका शक्ति बाघभैरवलाई केन्द्र मानी पश्चिम शैव देवीदेवता रहनेगरी शिवरत र पूर्व बौद्ध देवीदेवता रहनेगरी देवरत बस्तीलाई व्यवस्थित बसाइएको बताइन्छ । शिवरत ने.सं. ७६३ मा उमामहेश्वर बन्नुअघि दरबार रक्षार्थ किल्लाकै रूपमा र बाघभैरवबाट पूर्व बौद्ध देव देवी विहार चैत्य रहनेगरी देवरत बस्ती व्यवस्थित बसाएको भनाइ छ । जे होस् शिवरततिर चाफल, सागाः कुरूवा, धांवहाल, समल, सायमीटोल, द्योढोका, डोपाछें, तौल्हीं, क्वाचो, दवू, सवाः लाय्कू, सतःको क्षेत्रमा शिवसम्बन्धी देवताको बाहुल्य अझै पाउन सकिन्छ । नक्सामा १४ वटा ढोका छन् । ती ढोकाहरूमा द्योढोका, गंःछें ढोका, बाघभैरव ढोका, चिथु ढोका भरियापुखु ढोका, मूपुखु ढोका, वहिरिगा ढोका , न्यातपाः ढोका, पालिफा ढोका, साःगाः ढोका, कुरूझ्वाः ढोका, समल ढोका, सी ढोका र खांसी ढोका थिए तर हाल पुनर्निर्माणको अभियान थालिँदै छ भने नगरको चारैतिर देश रक्षार्थ स्थापित पर्खालको भग्नावशेष पनि पुनर्निर्माण थालिनुपर्ने देखिन्छ ।

### देवरत क्वाथ उमामहेश्वर र लाय्कू

दरवारको डाँडामाथि तीनतल्ले प्यागोडाशैलीयुक्त उमामहेश्वर छ । कीर्तिपुरको अग्लो मन्दिर ने.सं. ७७४ मा निर्मित मानिन्छ । देश रक्षार्थ स्थापित किल्ला, क्वाथमा मन्दिर झिंगटीछाने काठ र माटोबाट बनी ठडिएको छ । उपत्यकाको दृश्यावलोकन र शीतल हावा खान पुग्न सकिने देवस्थल म तीन खण्डको भुवनमाथि माहुते चढेको र त्यसमाथि दोस्रो खुड्किलोमा ढुंगाकै भैरव-भैरवी मूर्ति उभ्याउनुले भक्तपुरे कला सिर्जनाको स्मरण गराउँछ । मन्दिरभित्र उमामहेश्वर र पछाडि भगवतीको मूर्ति स्थापित हुनुले यो मन्दिर शाक्त र शैवको संयुक्त तीर्थस्थल हो । यही किल्ला छेउ राजा शिवदेव तृतीयको राज्यकालमा रहेको लाय्कू दरबारका भग्नावशेष छन् भने यही दरबारमा नै कीर्तिपुरको अन्तिम मल्ल राजा ज्ञानप्रजा मल्ल र कीर्तिलक्ष्मी रानीले गोरखाका राजा पृथ्वीनारायण शाहविरूद्ध तीनपल्टसम्म जित्ने रणनीतिस्थल हो ।

### नेवार सांस्कृतिक केन्द्र नेपाल भाषा एकेडेमी

नेवार एउटै जाति, नश्ल, धर्ममा आधारित जात होइन । तर नेवार भाषा र संस्कृतिले एक छ । त्यसैले त नेपाल भाषाका महाकवि सिद्धिदास महाजु लेख्छन्- भाषा म्वासा जाति म्वाई अर्थात् भाषा बचे जाति बाँच्छ । यही भावनाकासाथ जनकवि दुर्गालाल लेख्छन्-

*झिगु भाषा मन्त धासा, गय थ्व नेपाः झिगु जुई,*
*थगुदेय् परदेश याका, म्वायगु न सिइगु जुई ।*

आफ्नो भाषा नरहे नेपाल कसरी हाम्रो रहन्छ ? मातृभाषाविहीन भई बाँच्नु पनि मृत्युसमान हो। यस्तै मार्मिकतालाई आत्मसात् गर्दै कीर्तिपुरमा नेपाल भाषा एकेडेमी खडा भयो। ने.सं. १११२ मा सर्वोच्च नेता गणेशमान सिंहबाट उद्घाटित एकेडेमी ने.सं. १११९ मा जिल्ला प्रशासन कार्यालयमा दर्ता भयो । भाषारत्न सत्यमोहन जोशी, मल्लके सुन्दरजस्ता व्यक्तित्वहरूको सक्रियतामा खडा भएको हो, एकेडेमी । तत्कालीन मेयर हीराकाजी महर्जनको कार्यकालमा ३० रोपनी जग्गा उपलब्ध गराइएपछि उद्योगपति गोपाल राजभण्डारीलगायतको लागानीमा २५० जना अटाउने हल बनाइएको छ यहाँ । भवन विस्तारमा अमेरिकी नेवाः अर्गनाइजेसनका त्रिभुवन तुलाधरको अगुवाइमा प्रतिव्यक्ति एक डलर उठाइएको थियो ।

### दथु नरगो र बाघभैरव

कीर्तिपुरको इतिहास नरगो र बाघभैरवको आख्यानले छलंग पार्छ । स्थानीय बासिन्दा भन्छन्- कीर्तिपुरको प्राचीन बस्ती नरगो हो । जहाँ अहिले पनि पुराना घरका पर्खालको जग पाउन सकिन्छ । आख्यानुसार कीर्तिपुर नरगोवासी झवाः मचाः(गोठाला) भेडा चराउन जंगल जाँदा माटोको बाघको मूर्ति बनाएर खेल्ने गर्दथे । बाघको बनाउँदा बनाउँदै जिब्रो राख्न पात खोजेर फर्कंदा माटोको बाघले साक्षात रूप लिई भेडा सबै खाइदिएछन् । आश्चर्यचकित उनीहरू चिच्याएको सुनी नरगोवासी घटनास्थल पुग्दा जंगलको चारैतिर बाघ गर्जेको आवाज सुने छन् । भनिन्छ, त्यसैबेलादेखि नरगोवासी हाल टंगालको हांडीगाउँमा बसाइ सरेका हुन् । त्यसैले टंगालस्थित हांडीगाउँलाई नेपाल भाषामा नरदे भनिएको हो । बाघबाट पीडित नःगां र पांगाःवासी मिली तान्त्रिकलाई देखाउँदा माटोको बाघमा भैरव प्रवेश गरेकाले शान्त गर्न पूजा गर्नुपर्ने सुझाव दिएछन् । सोही दिनको स्मरणमा भाद्र सिंह संक्रान्तिको दिन बाघभैरवलाई राँगा, भेडा, बोका बली दिई खुसी पार्ने र खटजात्रा गर्दै आइरहेको छ। तीनतल्ले आयाताकार प्यागोडाशैलीको बाघभैरव मन्दिर पाटन पिमबहालका महापात्र जगतपाल वर्माले ने.सं. ३३५ मा निर्माण गराएका हुन् । गोरखाका राजा पृथ्वीनारायण शाहले कीर्तिपुरे राजा र रानी कीर्तिलक्ष्मीको हत्याअघि ने.सं. ८८४ मा भएको युद्धमा कीर्तिपुरेले बाघभैरवको शक्तिले तीनपल्ट हराएको बताइन्छ । सो युद्धमा राजा पृथ्वीका भाइ सुरप्रताप शाहको देब्रे आँखा फोडिनुका साथै गोर्खा सैनिक कमाण्डर कालु पाण्डेको हत्या गरी ढाल, तरबार, कवच र फलामको भोटो बाघभैरवलाई चढाएका थिए । कालु पाण्डेको फलामको भोटो हातहतियार छाउनीस्थित राष्ट्रिय संग्रहालयमा छ ।

### देपुखु र नारायण देगलः

बाघभैरवनेर ने.सं. ७९६ मा निर्मित नारायण मन्दिर पोखरी छेउ छ । गुम्बज मन्दिरको देपुखुमा गाईजात्रामा राँगाको खुट्टा पक्रने प्रतियोगिता हुन्छ । जसले राँगाको खुट्टा बाहिर ल्याउँछ उही वर्षकै भाग्यमानी मानिन्छ ।

### कीर्तिपुरेको वीरता र पृथ्वीनारायण शाह( को कुकृत्य

कीर्तिपुरे युद्धमा तीनपल्ट हारेका गोर्खाली राजा पृथ्वीनारायण शाहलाई युद्धकै मोर्चामा एक सिपाहीले काट्न लाग्दा अर्का खडगी सेनाले रोक्दै युद्धको नियमविपरीत राजालाई सिपाहीले काट्न हुँदैन भने, तत्कालै अर्का पुतुवार डोलेले अनेकौं जुक्ति लगाउँदै युद्धस्थलबाट बचाएर पृथ्वीनारायण शाहलाई थानकोटको यंकीदहसम्म पुर्‍याइदिए, तर ने.सं. ८८४ को युद्धमा कीर्तिपुरे राजा र रानीको हत्यापश्चात् निहत्था जनताको नाक काट्ने र थानकोटस्थित त्रिभुवन पार्कमा गाडे । भनिन्छ, जुन ठाउँलाई नेपाल भाषामा न्हचाय्दों भनिए । आज पनि कीर्तिपुरेले न्हचाय्दों पुग्दा थुक्छन् । रानी कीर्तिलक्ष्मीले आत्मसमर्पण नगरी वीरगति प्राप्त गरेकाले पदमकाष्ठ गिरीलाई कीर्तिपुर भनिए ।

### चिलंचो, देवरत बौद्धस्थल अखडा

गोपालकालीन सापु, मेपु र ज्यापू संस्कृतियुक्त बस्ती कीर्तिपुर पदमकाष्ठ गिरीलाई राजा शिवदेव तृतीयले नयाँ संरचना दिएका हुन् । ने.सं. २१९-२४३ ताकाको शिवरत लाय्कू, बाघभैरव र देवरतमध्ये बुद्धचैत्यले युक्त देवरत क्षेत्रमा चिलंचो छ । देवरततर्फका इताछें, तुइव, तःननि, कुरूझ्व, मुआनत्वा, बहिरगा, बाकूननि, ल्ह्वहं देग, भरिया पुखु, चिलचों, चिथु, गुल्पु र वहीले प्रख्यात टोलभित्र आठवटा प्राचीन बिहार छन् । अन्य बुद्ध विहारमा जगतपाल महाविहार क्यपुबहाः, कामीकान्ति महाविहार क्यपुवही, जीवनवदन विहार, चैत्यरंग विहार, मयन्कीर्ति विहार कुसीबहाः, करूणाकार क्वंयबहाः, हर्षकीर्ति च्वयबहाः र देवकीर्ति देवबहाः छन् ।

### चिलंचो चैत्य, जगत्पाल महाविहार

देवरत क्षेत्रको चिलंचो कीर्तिपुरको बौद्धस्थल हो । चैत्य समिप द्योछें घर शैलीको विहारलाई जगतपाल महाविहार भनिन्छ । अक्षोभ्य बुद्धप्रति समर्पित चिलचो अशोककालीन मानिन्छ तर चैत्य ने.सं. ६३४ मा पाटन पिमवहालका जगतपाल वर्माद्वारा निर्मित हुन् ।

### चिलंचो क्षेत्रका बुद्ध विहार र मठ–मन्दिर

सिंहदुवास्थित धर्मधातु चैत्य ने.सं ७६१ मा हाकू जः शाक्यद्वारा निर्मित मानिन्छ । क्वयः बहाः (करूणाकार) सिंह दुवाको चैत्यसंगै ने.सं. ७५३ मा निर्मित च्वयबहाः हर्षकीर्ति र क्वयबहाः करूणाकार विहार छन् । सिंह दुवाटोलमा नै ने.सं. ८०३ मा निर्मित ढुंगे लोकेश्वर र ने.सं. ७८३ मा बुद्धधर्म लोहं देग मन्दिर राम भारोद्वारा निर्मित मानिन्छ ।

### नगरमण्डप थाई श्रीकीर्ति महाविहार

ने.सं.१११० कालीन नेपालका संघनायक भिक्षु प्रज्ञानन्द महास्थवीरको अथक प्रयास र इतिहासविद् तथा पुरातत्त्वविद् भिक्षु सुदर्शन महास्थवीरको सक्रियतामा स्थापित नगरमण्डप श्रीकीर्ति महाविहारलाई थाईकीर्ति विहार भनिन्छ । कीर्तिपुरको चक्रपथ नयाँबजारमा निर्मित यस विहार थाई सरकारको सहयोगमा बनेको हो । थाइल्याण्डका भिक्षु संघराज सोमदेय फ्राञाणसम्बरबाट ने.सं. १११९ मा उद्घाटित विहार नेपाल र थाइल्याण्डबीचको सम्बन्धको प्रतीक बनेको छ । ढुंगा छापेको चोकबीच भिक्षु प्रज्ञानन्द महास्थवीरको पूर्णकदको प्रतिमा र ने.सं. ११११ को सिपुन्हीको दिन सम्वेजनीय थाई कलाशैलीमा स्थापित महाचैत्य र विहारले थाइल्याण्डको अनुभूति दिन्छ । प्रधानपञ्च धनलाल महर्जनद्वारा उपलब्ध चार रोपनी मन्द फल्चामा बनेको हो ।

### भांजांगाल पांगा नः गाउँ

कीर्तिपुर आक्रमणबाट बच्न ने.सं. ६२१ मा राजा रत्न मल्लद्वारा बसाइएको किल्ला पांगाःको प्रमुख देवी हुन् वैष्णवी पीठ । चोभार पूर्व दुईतल्ले वैष्णवी मन्दिरको तोरणमा ने.सं. ७९५ उल्लेख छ । यहाँ नौ कप्टेरा दाउराबाट पूरै लास खरानी हुने हुँदा भाजंगाल भनिए । भगवान् मान्नेले भाजंगाललाई ईश्वरको चमत्कार ठान्छन् भने वैज्ञानिकहरू भूमिगत प्रज्वलनशील रसायन भएको विश्वास गर्दछन् । भाजंगालमा अघिल्लो विधिपूर्वक नौ कप्टेरामाथि लास राखी जान्छन् भने भोलिपल्ट काजकिरिया गर्न खरानी लिन पुग्ने अनौठो परम्परा छ । कीर्तिपुरको अर्को उपगाउँ नःगाउँ अर्थात् फलामखानी गाउँ हो । भूवनचैत्य, बज्र धातु चैत्य, जोरगणेश आदि रहेको नःगाउँको मुख्य बालकुमारी पीठ हो । मंसिर अष्टमीका दिन पांगा वैष्णवी पीठसँगै नःगाउँमा बालकुमारीको पनि जात्रा हुने गर्दछ ।

### चोभा द्यो–जोइपोइ मिलाउने र रोग निको बनाउने आदिनाथ

काठमाडौंबाट पाँच किलोमिटर दक्षिण कीर्तिपुरकै अर्को डाँडा चोयबहाः नै चोभार हो। लिच्छवीकालीन तीनतल्ले प्यागोडाशैली आदिनाथको मन्दिर छ । आनन्दादी लोकेश्वर भनिने धातु तथा झिंगटीले छाएको मन्दिर सातौं शताब्दीमा महासामन्त अंशुवर्माद्वारा निर्मित मानिन्छ । बुङमतीको आर्यावलोकितेश्वरलाई वर्षा र सहकालका देवता, नालाको सृष्टिकान्ता लोकेश्वरलाई सृष्टिको प्रतीक, जनवहाल असनको जनवाद्यो आर्यावलोकितेश्वरलाई संसारका जनको पालनहार भनिएझैं चोभारको आदिनाथलाई रोगमुक्ति र आपसी मतभेद, लोग्ने-स्वास्नी सम्बन्धविच्छेद्सम्मको स्थिति मिलाइदिने देवताकारूपमा लिइन्छ । आख्यानअनुसार एक समय हैजा रोग लागेर धेरै लुभुवासी भटाभट मर्न थाले छ । जति पूजा गरे पनि निको नभएपछि गाउँलेले रिसमा मूर्तिलाई नख्खुमा बगाइदिएछन् । यसरी बगाइएको मूर्तिलाई चैत्र अष्टमीका दिन कीर्तिपुरेले वागमतीको किनारमा देखे छन् र श्रद्धा भक्तिपूर्वक बाजागाजाकासाथ आदिनाथलाई डाँडामा विराजमान गराए । यसैदिनको स्मरणमा बागमतीको सुलक्षण महाविहारबाट न्हवं महास्नान गराइने चलन छ । चोकबीच शिखरशैलीको वैत्राचार्य चैत्य छ। चैत्यलाई शैवले गन्धर्वेश्वर भनी भाँडाकुंडा, ऐना चढाउँछन् ।

### कोयना गणेश (जलविनायक) मञ्जुश्री पार्क

चन्द्र, सूर्य र कार्यविनायकमध्ये एक हुन् जलविनायक कोयनाद्यो पनि । चोभार गल्छी (ह्रसिकाप)को तीनतल्ले प्यागोडाशैली मन्दिरमा गणेश भने सादा ढुंगामा पुजिन्छ । कथनअनुसार उपत्यका पानीले भरिएको बेला स्वयम्भू ज्योति दर्शनार्थ महाचीनबाट आएका मञ्जुश्रीले चोभार गल्छी काटेर बाहिर पठाएका थिए । त्यसैले चोभार गुफालाई मञ्जुश्री गुफा नाउँसहित पार्क बनाएको छ । ने.सं. ७२२ मा निर्मित गणेशपरिसर सुखावती लोकेश्वर, वरूण, सूर्य, शिव आदिले सिंगारिएको छ भने धातु छानायुक्त तीनतल्ले प्यागोडाशैलीको कोयना गणेश प्रवेशद्वारमा दुई सिंह र गणेशको बाहन छुचुन्द्रो र टुँडालमा अष्टमातृका अष्टभैरव कुँदिएका छन् । कोयना गणेशलाई राँगा, हाँस, कुखुरा बलि दिइन्छ । यही ७० फिट अग्लो ढुंगे मञ्जुश्रीपार्क छ ।

### टौदह, किंवदन्तीको संगम

पाँच सय मिटर लम्बाइ, ४०० मिटर चौडाइ र सुख्खायाममा छ मिटर गहिराइको टौदहले बुँगद्यो (रातो मच्छिन्द्रनाथ)को भोटो देखाउने जात्राको किंवदन्ती छ । काठमाडौंबाट सात किलोमिटर दक्षिणकाली जाने बाटोमा पर्ने टौदह (तवगु दह) प्राकृतिक ताल हो । चोभार छेदनगरी दहको पानी बाहिर पठाउँदा कर्कोटक नागराज रिसाएर अनिष्ट हुने भय सिर्जना भएपछि मञ्जुश्रीको आह्वानमा नागराजलाई टौदहमा विराजमान गराए छ । उनै नागराजकी रानीको आँखा दुख्दा ललितपुरबासी ज्यापुले आँखा दुख्ने रोग निको बनाइदिएछन् र त्यसबाट खुसी भएका नागराजले नवरत्न जडित भोटो उपहार दिएछन् । ज्यापुले भोटो फुकालेर खेतमा काम गर्दा ख्याकले चोरी भागे छ ।

एक दिन भोटो लगाएर आइरहेका ख्याक र ज्यापूबीच घमासान युद्ध हुँदा बुंगद्यो रातो मच्छिन्द्रनाथले दुवैलाई भने छन्- जबसम्म प्रमाण ल्याउँदैनौ तबसम्म रत्नजडित यो भोटो मसँगै रहने छ । ख्याकको त भोटो नै थिएन ऊ जाने कुरै भएन । ज्यापूले पनि टौदह जाने बाटो नै थाहा पाएन छन् । त्यसै बेलादेखि प्रत्येक वर्ष जावलाखेलको च्वासकाननीमा भोटो सुरक्षित छ है भनी देखाउने गरिन्छ । नागपञ्चमीमा मेला लाग्ने टौदहमा ३८ जातका बोटबिरूवा, ३६ जातका कीरा र ११६ पक्षी रहेको एक अध्ययनले देखाएको छ ।

# वृक्षरोपण गरी धितालले मनाए जन्मदिन



**सिन्धुपाल्चोक (प्रस)–** विद्युत नियमन आयोगका अध्यक्ष रामप्रसाद धितालले आफ्नो जन्मदिनमा वृक्षरोपण गरेका छन् । बिहीबार सिन्धुपाल्चोकको थानमारे डाँडामा धितालले वृक्षरोपण गरी जन्मदिन मनाएका हुन् ।

सिन्धुपाल्चोकमा जन्मिएको धितालले रौतहटबाट यो अभियान सुरु गरेका थिए । रौतहटमा धितालले थालेको पहिलो जन्मोत्सव पार्क निर्माणाधीन अवस्थामा छ भने दोस्रो काभ्रेको धुलिखेल नगरपालिकाको १० नम्बर वडामासमेत निर्माणाधीनकै क्रममा छ ।

थानमारे डाँडामा उत्सव नेपालले पहिलो वर्षको जन्मदिनमा वृक्ष रोपेर तेस्रो जन्मोत्सव पार्क बनाउने भनिए पनि सुरु भने भएको थिएन । धितालले केही बेन्चसमेत प्रदान गरी स्थानीय ९२ वर्षीय देवकी सिग्देल हातबाट आशीर्वाद लिँदै जन्मोत्सव पार्कको सुरुवात गरेका थिए । 'आफ्नो जन्मदिन आफू जन्मेको माटोसँग साक्षात्कार गर्दै स्थानीय प्यारा दाजुभाइ दिदिबहिनी आमाबाबुको साथमा प्रकृति सग जोडिएर मनाउदाको बेग्लै अनुभुति भएको छ,' धितालले भने ।

कार्यक्रममा साँगाचोकगढी चौतारा नगरपालिका वडा १४ का अध्यक्ष उद्धब नेपाल, अभियानका राष्ट्रिय संयोजक गोबिन्दप्रसाद चौलागाई, जिल्ला बन अधिकृत लगायतका सयौंले वृक्ष रोपेर अध्यक्ष धितालको जन्मोत्सव मनाएका थिए ।

# गुणस्तरीय शिक्षाको मोडल बन्दै न्यू क्यासल स्कुल

■ प्रभाव संवाददाता


**काठमाडौं–** काठमाडौं न्यू क्यासल स्कुल गुणस्तरीय शिक्षाको खोजीमा रहेका अभिभावक र विद्यार्थीको पहिलो रोजाइ बनेको छ । विद्यालयले शिक्षालाई केवल पाठ्यपुस्तकमा सीमित नराखी, विद्यार्थीको सर्वाङ्गीण विकासमा केन्द्रित गर्दै आएकोले पहिलो रोजाई बनेको बताइएको छ ।

स्कुल आधुनिक शिक्षण प्रणाली, नवीनतम प्रविधि, र विद्यार्थीमैत्री वातावरणमा आधारित उत्कृष्ट शैक्षिक संस्थाका रूपमा स्थापित हुँदै गएको छ । स्थापना कालदेखि नै 'आधुनिक शिक्षाको नयाँ युग' प्रारम्भ गर्ने लक्ष्यसहित अघि बढेको विद्यालय यही विषयमा केन्द्रित हुँदै आएको छ ।

विद्यालयले शिक्षामा नवीनतम प्रविधिको प्रयोग, अनुसन्धानमुखी शिक्षण पद्धति, नेतृत्वदायी सीपको विकास, र विश्वस्तरीय शिक्षा प्रदान गर्ने लक्ष्य तय गरेको छ । यिनै लक्ष्य र उत्कृष्ट व्यवस्थापनका कारण विद्यालय अभिभावक तथा विद्यार्थीहरूबीच विश्वासिलो नाम बनेको छ ।

विद्यालयका स्मार्ट कक्षाकोठा, अत्याधुनिक विज्ञान प्रयोगशाला, डिजिटल लाइब्रेरी, कम्प्युटर तथा रोबोटिक्स ल्याब, कला-संगीत-खेलकुदका छुट्टाछुट्टै पूर्वाधारले विद्यार्थीलाई व्यावहारिक र अनुभूतिमा आधारित सिकाइमा जोड दिन मद्दत पुऱ्याइरहेका छन् । विशेषगरी रोबोटिक्स, अटोमेसन, कोडिङ, पाइथन प्रोग्रामिङ जस्ता भविष्यमुखी विषयहरू समावेश गरिएको हुँदा विद्यार्थीहरू प्रविधिमुखी विश्वमा प्रतिस्पर्धी बन्न सक्षम हुने विश्वास विद्यालयले जनाएको छ ।

विद्यालयमा कार्यरत अनुभवी र दक्ष शिक्षकहरू शिक्षण-सिकाइलाई रोचक, सरल र प्रभावकारी बनाउनेतर्फ निरन्तर सक्रिय छन् । उनीहरूले पाठ्यक्रमलाई कक्षाकोठाभित्र सीमित नराखी व्यवहारिक गतिविधि, परियोजनामूलक कार्य, समाजसेवा र नेतृत्व तालिममार्फत विद्यार्थीको बौद्धिक, सामाजिक र नैतिक सीप विकासमा जोड दिएका छन् । परोपकार, समाजसेवा, नेतृत्व विकास तथा चरित्र निर्माणमा विद्यालयको सक्रियता अभिभावकले उल्लेखनीय मानिरहेको पाइन्छ ।




काठमाडौं न्यू क्यासल स्कुलका अनुसार शिक्षाको गुणस्तर केवल परीक्षाको ग्रेड वा अंकमा आधारित हुँदैन, बरु विद्यार्थीको समग्र विकास, सोच्ने क्षमता, समस्या समाधान सीप, सहभागिता, र कक्षाको गतिविधिमा देखिने वास्तविक उपलब्धिकै आधारमा तय हुन्छ । यसैले विद्यालयले वर्कसपमा आधारित सिकाइ, अनुसन्धान परियोजना र व्यवहारिक सीप विकासलाई विशेष महत्व दिएको छ । खेलकुद क्षेत्रमासमेत विद्यालय अग्रसर छ । आफ्नै फुटसल ग्राउन्ड, क्रिकेट, ब्याडमिन्टन र टेबलटेनिसको सुविधाले विद्यार्थीको शारीरिक सशक्तीकरणमा ठूलो योगदान पुऱ्याइरहेको छ ।

उत्कृष्ट नेतृत्व, प्रविधिमैत्री वातावरण, अन्तर्राष्ट्रिय स्तरको पाठ्यक्रम र अनुभवी शिक्षकहरूले सम्पन्न काठमाडौं न्यू क्यासल स्कुलले आधुनिक शिक्षाको नयाँ सम्भावना सिर्जना गर्दै गुणस्तरीय शिक्षाको उत्कृष्ट मोडलका रूपमा स्थापित हुँदै गएको छ । अभिभावक र विद्यार्थीहरूबीच यसको आकर्षण दिनानुदिन बढिरहेको विद्यालयले जनाएको छ ।

**युएइमा रोजगार** कम्पनी : CHINA CIVIL ENGINEERING CONSTRUCTION CORPORATIONS- DUBAI BRANCH

पूर्व स्वीकृति मिति : २०८२/०८/१० | LT. No. 334257 | चलानी नं. ६०२४७७९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 200 | 0 | 1000 | ३८,७८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १९ गते (5th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | १०,०००/– | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Employment Creation Service Pvt. Ltd.
Pancha Kumari Mandir, Sinamangal-9, Kathmandu, Nepal
Tel: +977-1-4588393, 4587496 E-mail : info@ecsmanpower.com, Website : ecsmanpower.com
श्रम ईजाजत नं. ४००/०६०/६१

**कतारमा रोजगार** कम्पनी : CENTRAL VENTILATION SYSTEMS W.L.L

पूर्व स्वीकृति मिति : २०८१/०८/१२ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०८/११ | LT. No. 314392 | चलानी नं. ६०२२८७४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 8 | 0 | 1000 | ३९,१२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १९ गते (5th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ROSEBUD HUMAN RESOURCE PVT. LTD
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366
E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com
श्रम ईजाजत नं. १६६५/०८०/८१

**कुवेतमा रोजगार** कम्पनी : KEYSTONE FACILITIES MANAGEMENT CO.

पूर्व स्वीकृति मिति : २०८२/०८/११ | LT. No. 334326 | चलानी नं. ६०२४७८३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Indoor) | 30 | 12 | 100 | ४६,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १९ गते (5th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | १०,००० | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

KANCHAN HUMAN RESOURCES MANAGEMENT PVT. LTD.
(Nearby International Airport, Next to Hotel Hema) Sinamangal-9, Kathmandu, Nepal
Telephone: 014564708, Mobile: 9851078211, 9851080486
Govt. License 593/062/63

"प्रयोगमैत्री संरचना, शिक्षा, पर्यटन र कृषि, समतामुलक विकास समृद्धि"

## इन्द्रसरोवर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
कुलेखानी, मकवानपुर
बागमती प्रदेश, नेपाल

## सिलबन्दि दरभाउत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशन मिति: २०८२/०८/१२)

प्रस्तुत विषयमा यस गाउँपालिकाको कार्यालय बाट सार्वजनिक सूचना मार्फत सिलबन्दि दरभाउपत्र आव्हान भए बमोजिम तपसिलको लागि रितपूर्वक पेश हुन आएका दरभाउपत्र मध्येबाट न्युनतम मुल्यांकित सारभूतरूपमा प्रभावग्राही तपसिलमा उल्लेखित दरभाउपत्र दाताको दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा २, ३ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि. न. | ठेक्का नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क. समेत) रू. | कै. |
|---|---|---|---|---|---|
| 1. | IRM/SQ/ BLANKET/ 02/082/083 | Procurement and Supply of the Blanket. | M/s Aditya Suppliers Adarsnagar 10 Nepalgunj Sub-Metro, Banke. | 17,98,112.50 | |

प्रमुख प्रशासकीय अधिकृत

## Kalimati Rural Municipality
## Office of the Rural Municipal Executive
Rampur, Salyan

## Invitation for Bids

**Invitation No.: KRM/NCB/WORKS/2082/83/12**
**Date of publication: (28/11/2025)**

1. Kalimati Rural Municipality invites electronic bids from Registered Nepalese eligible bidders for the follwing work.

| S.N. | Contract no | Description and location of work | Estimated Amount (without Vat) | Bid Security Amount | Price of Bid Document |
|---|---|---|---|---|---|
| 1 | KRM/NCB/ WORKS/ 2082/83/12 | Samudayik Bidhalayaharu Palika ra Wada Karyalayaharuma Pahelo Ranga Rogan. | 6166681.04/- | 175000/- | 3000/- |

2.The bidder having valid firm registration, VAT/PAN registration certificates, Tax clearance certificate.

3. Bidder should submit their bid electronically and download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   - Name of the Bank : Nabil Bank, kalimati Rampur, Salyan
   - Name of Office : Kalimati Rural Municipality, Rampur, Salyan
   - Deposit Account no : 23401017500027 (Antarik Rajaswa Khata Ga 1.1)

4. Bids must be submitted through PPMO website www.bolpatra.gov.np/egpon or before 12.00 on 28-12-2025. Bids received after this deadline will be rejected.

5. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00 hour on (28-12-2025)*** at the office of ***Kalimati Rural Municipality Rampur, Salyan.***

6. Bids must be valid for a period of ***90 days*** and must be accompanied by a scanned copy of the bid security in pdf format for e-bid, which shall be valid for 120 days from the final bid submission date. If bidder wishes to submit the bid security in the form of cash the cash should be deposited in the bank account with the following information.
   - Name of the Bank : Nabil Bank, Rampur, Salyan
   - Name of Office : Kalimati Rural Municipality,Rampur, Salyan
   - Deposit Account no : 23401017500016 (Sthaniyetaha Dharauti Khata Ga 3.1)

***Chief Administrative Offier***

## मुकुल बचत तथा ऋण सहकारी संस्था लि.
बालुवाटार, काठमाडौं, सम्पर्क नं.०१–४५३५६२६, ०१–४५३५४६८, फ्याक्स नं.४४३३६७०

## धितो लिलाम बढाबढको पुनः ७ (सात) दिने सूचना !

*(चौथो पटक प्रकाशित मिति : २०८२/०८/१२ गते)*

यस संस्थाबाट तपसिलमा उल्लेखित अचल सम्पति धितो सुरक्षण राखी ऋण लिनुभएको तपसिलका ऋणी सदस्यले ऋणको साँवा, व्याज र हर्जना समेत नतिरी/नबुझाई लिखतअनुसारको ऋणसम्बन्धी शर्तहरू पटक-पटक उल्लंघन गरेकाले बारम्बार लिखित तथा मौखिक तरताकेता गर्नुका साथै राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैतिस) दिने सूचना तथा धितो लिलामको सूचना मिति २०८०/१२/१८, २०८१/११/०५ र पुन २०८२/०३/१३ मा तेस्रो पटक प्रकाशति गर्दा समेत आफूले बुझाउनु पर्ने ऋणको रकम चुक्ता गर्नेतर्फ कुनै चासो नदेखाएकोले राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बढाबढ ७ दिने सूचना चौथो पटक प्रकाशित गरिएको छ । संस्थासँग भएको शर्त, कबुलिखत, तमसुक बमोजिमको धितोको घर/जग्गाहरू जे जस्तो छ, सोही अवस्थामा नेपाल सरकारबाट स्वीकृत सहकारी ऐन, २०७४, सहकारी नियमावली २०७५, प्रदेश सहकारी ऐन, २०७६, प्रदेश सहकारी नियमावली २०७६ तथा यस संस्थाको विनियम अनुसार यस कार्यालयमा तल उल्लेखित मिति र समयमा धितो लिलामको डाक बढाबढ गरी बेचविखन गरिने हुँदा सो धितो खरिद/सकार गरी लिन इच्छुक सर्वसाधारणहरूलाई समेत यसै सूचना द्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको नाम थर | धितो विवरण | धन जमानी बस्ने |
|---|---|---|
| **नाम** : राम कुमार अर्याल  **ना.प्र.नं.**३०७४/८२१७ **बाबुको नाम** : वनमाली उपाध्याय **बाजेको नाम** : तोयनाथ **स्थायी ठेगाना** : का.म.न.पा-२, काठमाडौं | ऋणीको नाममा मालपोत कार्यालय मनमैजु, काठमाडौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला मनमैजु गा.वि.स/न.पा वडा नं.९ (ख) को (साविक किता नं.११५) को हाल साविक भई क्रमशः कित्ता नं.६०, १७९, १८१, १७७ र १७४ का १२२.६७, २७.००, २६.००, १५.०० र १७६०.०० वर्ग क्षेत्रफल भएको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलाग समेत । | **नाम** : विष्णु अर्याल  **ना.प्र.नं.**८२१३ **नाता** : दाजुभाई **बाबुको नाम** : वनमाली उपाध्याय **बाजेको नाम** : तोयनाथ **स्थायी ठेगाना** : का.म.न.पा-२, काठमाडौं |

**लिलाम विक्रीका शर्तहरू :**

१. लिलामी अन्तिम पटक सबैभन्दा बढी कवोल गर्ने व्यक्तिले आफूले बोलेको कूल रकमको १०% ले हुने रकम धरौटी वापत तुरुन्तै (डाक बढाबढ गरेकै बखतमा) यस संस्थामा बुझाउनु पर्नेछ ।
२. लिलामी सकार गर्ने व्यक्तिले स्वीकृत पत्र पाएको मितिले ७ (सात) दिनभित्र कबुल गरेको सम्पूर्ण रकम बुझाउनु पर्नेछ । नबुझाईमा धरौटी रकम जफत गरिनेछ । त्यसपछि दोस्रो बढी रकम कवोल गर्नेलाई मौका दिइनेछ ।
३. धितो सुरक्षण रहेको अचल सम्पति लिलाम विक्रीमा सकार गरी लिनेले अचल सम्पत्ति दाखिला/खारेज गर्दा लाग्ने शुल्क नगद दस्तुर वापतको नगद रकम सबै आफूले व्यहोर्नु पर्नेछ ।
४. यस संस्थाको कार्यालयमा तोकिएको दिन र समयमा लिलाम बढाबढ गरिनेछ । उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको समयामा हुनेछ ।
५. लिलाम बढाबढ गर्दा सबै भन्दा बढि अंक बोल्ने व्यक्तिलाई धितो सुरक्षणको अचल सम्पति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
६. जग्गा हेर्न चाहेमा आफ्नो खर्चमा सम्वन्धित स्थानमा गई हेर्न सकिनेछ ।
७. जग्गाधनी वा निजको प्रतिनिधि लिलाम विक्री हुने समयमा उपस्थित हुनु पर्नेछ । तर निज वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि लिलाम विक्री गर्न बाधा पुगेको मानिने छैन ।
८. धितो लिलाम विक्री हुँदा डाक बढाबढमा कसैले भाग नलिएमा संस्था आफैले धितो जग्गा सकार गरि लिनेछ ।

**धितो लिलाम हुने मिति, समय र स्थान :**
**लिलाम हुने मिति** : २०८२/०८/१९ गते, शुक्रबार
**समय** : दिनको ३:०० बजे, **स्थान** : संस्थाको मुख्य कार्यालय, बालुवाटार, काठमाडौं ।

**मुकुल बचत तथा ऋण सहकारी संस्था लि.**
बालुवाटार, काठमाडौं, फोन नं. ४५३५६२६, ४५३५४६८

# प्रभाव दैनिक

शुक्रबार, १२ मंसिर २०८२ (Friday, 28 November 2025)





## 'हर्ष'को राजधानीमा प्रिमियर

चर्चित निर्देशक शिव रेग्मीकी भान्जी एकता पौडेलको निर्देशन र निर्माणमा निर्मित हर्षको राजधानीमा प्रिमियर गरिएको छ । प्रिमियरमा रेग्मी पत्नीसहित हिट फिल्ममा सहकार्य गरेकी निरूता सिंहसम्मको उपस्थिति थियो । फिल्ममा नीर शाह, सन्तोष पन्त, शर्मिला मल्ल, माओत्से गुरूङ, विशाल पहाडी, निमा पाण्डे, लुनिभा तुलाधर, अंशु महर्जन, रेणु प्रधान, सुवर्ण थापा, सृष्टि महर्जन, सिर्जना नापित र बालकलाकार साइमन वादीको अभिनय छ । अष्टलक्ष्मी प्रोडक्सन्स् र ई-प्राईम मुभिजको ब्यानरमा फिल्म बनेको हो । प्रसन्न पौडेल र विकास पौडेल निर्माता तथा हिक्मत चोखाल कार्यकारी निर्माता हुन् । यो फिल्म (आज) शुक्रबारदेखि देशब्यापी प्रदर्शन तयारीमा छ ।



# फुलारालाई आधुनिक गायकको अवार्ड



■ प्रभाव संवाददाता

**काठमाडौं** – निरन्तर र सक्रिययतापूर्वक आफ्नो कलाकर्म मार्फत मानवसेवामा पुर्‍याएको भएको अनुकरणीय एवं समग्र मानवबर्गको प्रेरणाको रूपमा सुपरिचित गायक हरिदत्त फुलारा दोस्रो ओप्सना फिल्म एण्ड म्युजिक अवार्ड २०८२ मा आधुनिक गायक तर्फको अवार्ड चुम्न सफल भएका छन् ।

बरिष्ठ चलचित्रकर्मी हरिहर शर्माको प्रमुख आतिथ्यता, आयोजक संस्थाका प्रबन्धक निर्देशक ओम प्रकाश राईको अध्यक्षतामा नेपाल चलचित्र विकास वोर्डको सभाहलमा सम्पन्न कार्यक्रममा गायक फुलारालाई आधुनिक गायकको अवार्डबाट विभूषित गरिएको हो ।

शास्त्रीय संगीतको गायन विधामा भारतको काशी हिन्दु विश्वविद्यालयबाट स्नातकोत्तर गरेका फुलाराले २०६५ सालमा 'काशी गंगा' आरती भजन पहिलो अल्बम श्रोतामाझ ल्याएका थिए ।

बिकाउभन्दा पनि टिकाउ हुने सिर्जनामा विश्वास गर्नु हुने फुलाराका दर्जनौ सिर्जना लोकप्रिय छन् भने केही समय पहिले 'नागरिक क्रियसन' र 'सामाजिक रूपान्तरणका लागि नागरिक समाज'ले आयोजना गरेको 'विशेष नागरिक क्रियसन अवार्ड' गायक फुलारालाई प्रदान गरिएको थियो । कार्यक्रममा बिभिन्न ३९ बिधामा श्रष्टा, सर्जकहरूलाई अवार्ड तथा सम्मान वितरण गरिएको थियो ।

# नयाँ कथा दिने तयारीमा निर्देशक पौडेल

■ प्रभाव संवाददाता




**काठमाडौं**– ब्लकबस्टर निर्देशक सरोज पौडेलले नयाँ चलचित्र निर्माणको घोषणा गरेका छन् । ब्लकबस्टर सिनेमा 'पूर्ण बहादुरको सारंगी'का निर्देशक पौडेलले चलचित्र 'सिन्दुरे जात्रा' निर्माणको घोषणा गरेका हुन् ।

निर्देशक पौडेलले टाइटल अनाउन्समेन्ट टिजरमार्फत चलचित्र निर्माणको घोषणा गरेका हुन् । २६ सेकेन्डको टाइटल अनाउन्समेन्ट टिजरमा सिनेमाको टाइटल छ । सिन्दुरे जात्राको मन्त्र पढेजस्तो आवाज रहे पनि के भनेको हो त्यो भने बुझिँदैन । चलचित्रमा कथा पनि निर्देशक पौडेल स्वयंको रहनेछ । नुवाकोटमा मनाइने गरेको ऐतिहासिक सिन्दुरे जात्रामा आधारित चलचित्र हो वा अरु नै कथा रहनेछ यसबारे निर्देशक पौडेलले केही बताएका छैनन् ।

सारंगी फिल्म्सको प्रस्तुति रहेको सिनेमाको निर्मातामा प्रभाकार श्रेष्ठ छन् । चलचित्रमा को-को कलाकार रहनेछन् भन्ने केही समयपछि जानकारी गराउने निर्देशक पौडेलले बताए । आरआर फिल्मस्ले वितरण गर्ने चलचित्रको डिजिटल पार्टनरमा ओएसआर डिजिटल रहेको छ । चलचित्र कहिले रिलिज गर्ने त्यो पनि निर्देशक पौडेलले प्रष्ट पारेका छैनन् ।

केही महिनाअगाडि निर्देशक पौडेलको लेखन तथा निर्देशन रहेको चलचित्र 'कोशेढुंगा' प्रदर्शनमा आएको थियो । प्रदर्शन भइरहेका बेला जेनजीको आन्दोलनका कारण उत्पन्न असहज परिस्थितिबाट प्रभावित बन्न पुगेको 'कोशेढुंगा'ले समाजिक विषय, मनोभावना र निर्देशन शैलीका कारण राम्रो प्रतिक्रिया बटुलेको थियो । ब्लकबस्टर निर्देशक पौडेलले यो नयाँ प्रोजेक्टबाट कस्तो नयाँ सिर्जना ल्याउने हुन् भन्नेमा चासो विषय बन्ने निश्चित छ ।



## एसिसी प्रिमियर कप

# हङकङविरूद्ध नेपाल विजयी

**काठमाडौं (प्रस)**– संयुक्त अरब इमिरेट्स (युएई)मा जारी एसिसी यु-१९ प्रिमियर कपमा नेपालले हङकङलाई ११९ रनले पराजित गरेको छ । जारी प्रतियोगितामा नेपालको यो दोस्रो जीत हो । जीतका लागि २७१ रनको चुनौती पछ्याएको हङकङ ४०.५ ओभरमा १५१ रनमा समेटियो । उसका कप्तान शिभ मथुरले सर्वाधिक ३० रन बनाए । बलिङमा नेपालीका अप्रजित पौडेलले ४, कप्तान अशोक धामीले ३ विकेट लिए ।

यसअघि अजमान मैदानमा टस जितेर ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभरमा ७ विकेटको क्षतिमा २७० रन बनाएको थियो । कप्तान अशोक धामीले अर्धशतकीय पारी खेल्दै सर्वाधिक ७३ रनको योगदान गरे । यस्तै दर्श सोनारले अविजित ४५, दिलसाद अलिले ३६ रन जोडे । हङकङका अभिमन्यु गणेशन र डेनियल नक्साले २/२ विकेट हात पारे । खेलमा नेपालका कप्तान धामी प्लेयर अफ द म्याचसमेत चुनिए ।


## साउदीमा रोजगार

कम्पनी : MASTOURA CONTRACTING COMPANY LTD. — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/०८/११ — LT. No. 334409 — चलानी नं.६०२४७८१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 40 | 0 | 1000 | ३७,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MADFA COFFEE ESTABLISHMENT — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०८/११ — LT. No. 334143 — चलानी नं.६०२४७८१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1000 | ३७,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SALEH HADI BIN HADI AL FUTAIH GENERAL CONTRACTING ESTABLISHMENT — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०८/११ — LT. No. 334384 — चलानी नं.६०२४७८१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Workers | 2 | 0 | 1000 | ३७,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १९ गते (5th Dec. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1082/073/74

**NEPAL HR SOLUTION PVT. LTD.**
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com



## साउदीमा रोजगार

कम्पनी : Company AHMED YAHYA ALZAMANAN

पूर्व स्वीकृति मिति : २०८२/०८/११ — LT. No. 334134 — चलानी नं.६०२४७८३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WAREHOUSE WORKERS | 4 | 0 | 1000 | ३७,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Company AHMED YAHYA ALZAMANAN

पूर्व स्वीकृति मिति : २०८२/०८/११ — LT. No. 334133 — चलानी नं.६०२४७८५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WAREHOUSE WORKERS | 4 | 0 | 1000 | ३७,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Company AHMED YAHYA ALZAMANAN

पूर्व स्वीकृति मिति : २०८२/०८/११ — LT. No. 334135 — चलानी नं.६०२४७८५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WAREHOUSE WORKERS | 4 | 0 | 1000 | ३७,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Company AHMED YAHYA ALZAMANAN

पूर्व स्वीकृति मिति : २०८२/०८/११ — LT. No. 334136 — चलानी नं.६०२४७८५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WAREHOUSE WORKERS | 4 | 0 | 1000 | ३७,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Company AHMED YAHYA ALZAMANAN

पूर्व स्वीकृति मिति : २०८२/०८/११ — LT. No. 334063 — चलानी नं.६०२४७८५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WAREHOUSE WORKERS | 4 | 0 | 1000 | ३७,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Company AHMED YAHYA ALZAMANAN

पूर्व स्वीकृति मिति : २०८२/०८/११ — LT. No. 334065 — चलानी नं.६०२४७८६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WAREHOUSE WORKERS | 4 | 0 | 1000 | ३७,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Company AHMED YAHYA ALZAMANAN

पूर्व स्वीकृति मिति : २०८२/०८/११ — LT. No. 334082 — चलानी नं.६०२४७८६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WAREHOUSE WORKERS | 4 | 0 | 1000 | ३७,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Company AHMED YAHYA ALZAMANAN

पूर्व स्वीकृति मिति : २०८२/०८/११ — LT. No. 334083 — चलानी नं.६०२४७८६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WAREHOUSE WORKERS | 4 | 0 | 1000 | ३७,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

